

# ५ अगमवक्ताहरुको पीडा

*__यस अध्यायका मूल पदहरू__*: १ शमूएल ८:१०-१८, आमोस ५:१०-१५, मिका ६:८, उत्पत्ति १९:१-१३, इजकिएल १६:४९ र यशैया १:१५-२३।

*__यस अध्यायको मूल सार पद__*: **"८ ए मानिस, जे असल छ, त्यो उहाँले तिमीलाई देखाउनुभएको छ। र परमप्रभुले तिमीबाट के चाहनुहुन्छ? केवल यति, न्यायोचित र ठीकसित काम गर्नू र करुणा वा कृपालाई प्रेम गर्नू र तिम्रा परमेश्वरसित कोमल वा विनम्र भएर हिंड्नू।" मीका ६:८।**

बाइबलमा उल्लेख गरिएका धेरै पात्रहरूमध्ये पुरानो करारका अगमवक्ताहरू सबभन्दा धेरै उत्सुकता जगाउने खालका थिए। तिनीहरूका कर्कस र चर्को आवाजहरू, तिनीहरूको निडर सन्देशहरू, तिनीहरूले सुस्केरा हालेर व्यक्त गर्ने शोकहरू, तिनीहरूको रिस र घोर आक्रोस र परमेश्वरले दिनुभएको सन्देशलाई विभिन्न चर्तिकलाद्वारा गरिने अभिव्यक्तिलाई कुनै मानिसले पनि वेवास्ता गर्न सक्दैनथ्यो। मानिसहरूको बीचमा तिनीहरूको उपस्थिति त अपठ्यारो नै थियो तर परमेश्वरका बहादुर सन्देशवाहकहरूलाई त्यसको मतलब थिएन। विशेष गरेर इस्राएल र यहूदा देशका मानिसहरूको निम्तिमात्र पठाइएका ती अगमवक्ताहरूले परमेश्वरका चुनिएका जनहरूलाई उहाँतिर फर्काउन निरन्तर प्रयास गरेका थिए। आफ्ना राष्ट्रका वरिपरि रहेका देशहरूको देखासिकि गरेर तिनीहरूको मूर्तीपूजा गर्ने धर्म र विभिन्न आपत्तीजनक संस्कार तथा जीवनपद्धतिहरू ती मानिसहरू र तिनीहरूका राजा तथा अगुवाहरूले इस्राएल र यहूदामा भित्र्याएका थिए। ती अगमवक्ताहरूले आफ्नो भाऊ नखोजि वा कसैको स्यावासी नखोजी परमेश्वरले दिनुभएका आवाजहरू बुलन्दतरिकाले घन्काएका थिए। तिनीहरूले परमेश्वरका जनहरूप्रति उहाँले गरिरहनुहुने वा चाहिरहनुहुने प्रेम र विगतको समयमा तिनीहरूप्रति उहाँले

गर्नुभएको उहाँको क्रियाकलापलाई ती अगमवक्ताहरूले याद दिलाउँथे। तर यदि मानिसहरू बुझपचाएर परमेश्वरको चालमा हिँडेनन् वा दुष्ट संस्कारमा होमीएर दुष्ट्याइँ काम गर्न रोजिरहे तिनीहरूले पाउने परिणाम पनि चेतावनीस्वरुप ती अगमबक्ताहरूले दिँदथे। सनातन परमेश्वर र उहाँलाई पुज्नेहरूलाई वाक्क लाग्ने पाप, दुष्ट कामहरू त्यसबेलाका राष्ट्रका कतिपय राजा तथा अगुवाहरू र जनताले गरिरहेका थिए। ती अगमवक्ताहरूले त्यसको विरोधमा खुलेआम आवाजहरू उठाएका थिए। ती विभिन्न दुष्ट कामहरूमा ती अगमवक्ताहरूले उठाएको आवाजमा गरिब, विपन्न, असहाय, कमजोर, तिरस्कृत, शोषितहरूमाथि गरिने दमनप्रति परमेश्वरले दिनुभएको चेतावनी चर्को थियो। हो, आफ्नै हातले बनाएका मूर्तीहरूलाई परमेश्वर भनेर पूजा गरेर उहाँलाई पत्थरिलो स्थानमा झार्नु र मिथ्या तथा भ्रामक धर्महरूलाई विश्वास गरेर त्यसै अनुसार चल्नु आफैमा खराब त थियो नै तर पत्थरलाई पूजा गर्नेहरूले आफ्ना हृदयहरूलाई पत्थरै बनाएर गरिब, दरिद्र र कमजोर मानिसहरूबाट फाइदा उठाउनु पनि परमेश्वरको निम्ति घोर **आपत्तीजनक** थियो।

## १. सुशासन तथा न्यायको निम्ति बारम्बार आह्वान

मोशाको नेतृत्वमा पुनर्स्थापित भएको इस्राएली राष्ट्रलाई सुशासन र समृद्धिको निम्ति परमेश्वरले विस्तारित योजना दिनुभएको थियो। इस्राएलका धार्मिक, सामाजिक, आर्थिक र राजनैतिक जीवन कसरी चलाउने भनेर एक एक गरेर परमेश्वरले विवरण वा व्यहोरा दिनुभएको थियो। तर इस्राएलीहरूलाई बोलाइए अनुसार वा एक नमुना राष्ट्र बन्नुपर्ने परमेश्वरको चाहना अनुसार तिनीहरू बिरले नै चलेका थिए। जब इस्राएलीहरूलाई नयाँ देशमा बसोबास गराइएका थिए तिनीहरूको निम्ति परमेश्वर आफै अगुवा हुनुभएर न्यायकर्ताहरूमार्फत शासन गर्नुभएको थियो। तर केही पुस्तामा नै अगमवक्ता र न्यायकर्ता भएका शमूएललाई इस्राएली जनताहरू आएर तिनीहरूमाथि रजाइँ गर्ने राजा नियुक्ति गर्न यसरी कर गरे "अरू राष्ट्रहरूमा भएका राजा जस्तै हामीलाई पनि शासन गर्ने राजा नियुक्त गर्नुहोस्" (१ शमूएल ८:५ रूपान्तरित)।

**मानिसहरूको मागको प्रत्युत्तरमा तिनीहरूलाई शमूएलले के चेतावनी दिएका थिए? हेर्नुहोस् १ शमूएल ८:१-१८ "१ जब शमूएल वृद्ध भए तब**

तिनले आफ्ना छोराहरूलाई इस्राएलका न्यायकर्ता नियुक्त गरे। २ तिनको जेठा छोराको नाउँ योएल र माहिलाको नाउँ अबिया थियो। तिनीहरूले बेर्शेबामा सेवा गर्थे। ३ तर तिनका छोराहरू आफ्ना पिताका चालमा हिँड़िनन्, तर उनीहरू आफ्नै लाभको मात्र विचार गरी घूस लिएर न्याय भ्रष्ट गर्थे। ४ यसकारण इस्राएलका सबै धर्म-गुरुहरू भेला भई रामामा शमूएलकहाँ आए। ५ तिनीहरूले तिनलाई भने, "तपाईं अब बुढो हुनुभयो, अनि तपाईंका छोराहरू तपाईंका चालमा हिँड्दैनन्। यसकारण अरू जातिहरूजस्तै हामीमाथि शासन गर्नलाई एउटा राजा नियुक्त गरिदिनुहोस्।" ६ तर शासनको निम्ति राजाको माग सुनी शमूएल दुःखी भए, तिनले परमप्रभुसित प्रार्थना गरे। ७ तब परमप्रभुले शमूएललाई यसो भन्नुभयो, "मानिसहरूले भनेका सबै कुरा सुन्। तिनीहरूले तिमीलाई इन्कार गरेका होइनन्। तिनीहरूले मलाई नै इन्कार गरेका हुन्, मलाई नै तिनीहरूले आफ्ना राजा बनाउन इन्कार गरेका हुन्। ८ मिश्रदेशबाट तिनीहरूलाई ल्याएको दिनदेखि तिनीहरूले मलाई जे-जसो गरे अब तिनीहरूले तिमीलाई त्यसै गरिरहेका छन्। तिनीहरूले मलाई त्यागेर अरू देवताहरूको पूजा गरेका छन्। ९ तिनीहरूले अब के भन्दैछन् सो सुन्, तर तिनीहरूलाई गम्भीर चेताउनी दिएर बताइदे कि राजाले तिनीहरूमाथि कस्तो शासन गर्नेछन्।" १० राजाको माग राख्ने मानिसहरूलाई परमप्रभुले भन्नुभएका सबै कुरा शमूएलले बताइदिए। ११ तिनले भने, "तिमीहरूमाथि शासन गर्ने राजा यस्ता किसिमका हुनेछन्ः उनले तिमीहरूका छोराहरूलाई लिएर आफ्ना रथहरू र घोड़चढ़ीहरूसँग काम गर्न लाउनेछन्, र तिनीहरूलाई आफ्ना रथहरूका अगिअगि दौड़िन लाउनेछन्। १२ कसै-कसैलाई उनले हजार-हजार र पचास-पचासका दलहरूमा अधिकारी नियुक्त गर्नेछन्। अरूहरूले चाहिँ उनका खेत खनजोत गर्नेछन् र फसल काट्नेछन्। फेरि अरूहरूले चाहिँ उनका लड़ाइँका हतियारहरू र घोड़सवारहरूका अस्त्रशस्त्र बनाउनेछन्। १३ उनले तिमीहरूका छोरीहरूलाई अत्तर बनाउने, खानेकुरा पकाउने र रोटी बनाउने कामको निम्ति लानेछन्। १४ उनले तिमीहरूका सबैभन्दा असल खेतहरू, दाखबारी र भद्राक्षका बारीहरू लगेर आफ्ना नोकर-चाकरहरूलाई दिनेछन्। १५ आफ्ना पदाधिकारी र नोकर-चाकरहरूलाई दिनका निम्ति उनले तिमीहरूका अन्नको र दाखको फसलको दशौं अंश लानेछन्। १६ उनले तिमीहरूका कमारा-कमारीहरू, र तिमीहरूका सबैभन्दा असल गाई-भैंसीहरू र गधाहरूलाई लगेर आफ्नै काममा चलाउनेछन्। १७ उनले तिमीहरूका भेड़ाबाख्राहरूका बथानको दशौं भाग लानेछन्, अनि

**तिमीहरू आफै पनि उनका कमारा हुनेछौ। १८ त्यो समय आउँदा तिमीहरूले चुनेका राजाबाट छुटकाराको निम्ति तिमीहरू कराउनेछौ, तर त्यस दिन परमप्रभुले तिमीहरूलाई जवाफ दिनुहुनेछैन।"**

परमेश्वरको अवधारणा अनुसार चल्नुपर्ने इस्राएली राष्ट्र त्यस अनुसार नचल्ने बरू अरू छिमेकी देश अनुसार चल्ने खालको माग गर्दा तिनीहरूको देखासिकि गर्नेतिर कदम चालेको कुरा शमूएलले महशुस गरेका थिए। ती मानिसहरूको माग अनुसार परमेश्वरकै निर्देशनमा शमूएलले सावललाई इस्राएलको राजा नियुक्त गरेका थिए। तर केही वर्षपछि नै सावलले शमूएलको सल्लाह नमानी आफ्नो भविष्यवाणी आफ्नै आँखा अगाडि पूरा हुन गएको देख्नुपरेको थियो। राजा दाउद र उनको छोरो सोलोमनको समयमा इस्राएली राष्ट्र चुचुरोमा पुगेको थियो। तर ती राजाहरूमा भएका प्रलोभन, भ्रष्ट चरित्र र आफ्ना शक्तिअधिकारको दुरुपयोग सहनबाट इस्राएल राष्ट्र भाग्न सकेन। इस्राएली राष्ट्र पछि बिभाजित भएर दुइ टुक्रा भएको थियो। इस्राएल र यहूदामा छुट्टा छुट्टै राजाहरू थिए र तिनीहरूले आफ्नो राजकीय शक्ति देखाउन र आफ्नो स्वार्थपूर्तिको निम्ति मनोमानी ढंगले शासन गरेका थिए। परमेश्वरले बारम्बार आफ्ना दूत अर्थात् अगमवक्ताहरू पठाउनुभएर इस्राएली अगुवाहरू र मानिसहरूलाई तिनीहरूलाई दिइएको जिम्मेवारीलाई नबिर्सन सन्देशहरू दिनुभएको थियो। समाजमा पिछडिएका, कमजोर, दरिद्र तथा असहाय मानिसहरूलाई वेवास्ता नगर्न ती अगुवा र मानिसहरूलाई ती अगमवक्ताहरूले सम्झाउन खोजेका थिए।

समाजमा उचित वा ठिक तरिकाले र न्यायोचित तरिकाले सुशासन चलाउन हिब्रू अगमवक्ताहरूले बारम्बार आवाज उठाएको तिनीहरूको लेखबाट हामी देख्न सक्छौं। विशेष गरेर परमेश्वरको इच्छा अनुसार चल्न असफल भएका इस्राएलका जनता र अगुवाहरूले उहाँलाई विश्वासघात गर्न पुगेका थिए। त्यसको फलस्वरुप समाजमा अनेकौं पीडितहरूका आवाजहरू तिनीहरूले दवाइ राखेका थिए। तर अगमवक्ताहरूले बारम्बार निरन्तररूपमा ती दविएकाहरूको निम्ति बुलन्द आवाजहरू उठाएका थिए।

न्यायोचित र ठिक व्यवहार गर्न पुरानो करारका अगमवक्ताहरूले उठाएको तिब्र आवाजभन्दा हामीहरूको आवाज कमजोर भएको पुरानो करारका यहूदी विद्वान अब्राहम यहोशू हेश्कलले यसरी टिप्पणी गर्दछन्: "जुन विभत्स कुराहरूले ती अगमवक्ताहरूलाई वाक्क र दिक्क लागेको थियो र त्रसित

बनाएको थियो ती नै कुराहरू आज संसारमा जताततै दिनहुँ भइरहेका छन्।...समाजमा भइरहेका अन्याय र अत्याचारप्रति अधैर्य भएर ती अगमवक्ताहरूले आफ्नो जीवनको केही पर्वाह नगरि त्यसको विरुद्धमा आवाज उठाएका थिए त्यसले हामीहरूलाई उन्माद बनाउला वा दिमागै खलबल पार्ला। तर पुरानो करारका अगमवक्ताहरूले हेरिरहनुपरेका दृश्यहरू यस संसारमा हामीहरूले पनि हेरिरहेकाछौं। अन्याय, अत्याचार, अनेकौं किसिमको पाखण्डीपना, असत्यहरूको हालीमुहाली, व्यक्तिको अधिकारमाथि अतिक्रमण, दुःख, दुर्दशा, विपत्ति आदि कुनै न कुनै किसिमले दिनदिनै हामीहरूको सामु खडा भइरहेका छन् तर त्यसप्रति संवेदनशील भएर हामी कति क्रोधित वा उत्तेजित भएका छौं र? पुरानो करारका अगमवक्ताहरूको निम्ति सानो अन्याय पनि सारा जगतसँग सरोकार रहेको थियो।"-*प्रोफेटस्* (न्यु योर्कः जुविश पब्लिकेशन, १९६२), पृ. ३,४बाट रूपान्तरित।

परमेश्वरको दिमागमा र हृदयमा के चलिरहेको छ ती दृश्यहरू अगमवक्ताहरूले हामीलाई देखाउँदछन्। परमेश्वरको निम्ति प्रवक्ता भएर संसारमा भइरहेका अन्याय अत्याचार र दुःखकष्टलाई उहाँले गहभरि आँशु झारिरहनुभएको ती अगमवक्ताहरूले हामीलाई देखाउन मद्दत गर्दछन्। तर परमेश्वरको आवेग वा अनुराग केवल प्रवचन वा भाषणमामात्रै सिमित नराखी उहाँसँग सहकार्य गरेर हाम्रो वरिपरि रहेका दविएर बसेका र कष्टमा परेकाहरूलाई राहत दिन र दुःखकष्ट हटाउन येशूभक्त हुँ भनेर दावी गर्ने प्रत्येकलाई बोलाइएको छ।

**अरू देशहरूको जस्तै हुन खोज्दा हामीलाई र अरूलाई हुने नोक्सानको पर्वाह नगर्ने हाम्रो प्रवृत्तिलाई हामीले के भन्ने?**

## २. आमोस

**"१४ आमोसले अमस्याहलाई यो जवाफ दिए, "म त अगमवक्ता थिइनँ, र अगमवक्ताको छोरो पनि होइनँ। तर म एउटा गोठालो र अञ्जीरका रूखहरू हेरचाह गर्ने मानिस थिएँ। १५ तर परमप्रभुले मलाई भेड़ाबाख्रा चराउनबाट बोलाउनुभयो, र मलाई भन्नुभयो, "जाऊ, गएर मेरो प्रजा इस्राएललाई अगमवाणी बोल।" (आमोस ७:१)।**

आफूमा अगमवक्ता हुने योग्यताहरू नभएको आमोसले खुलारूपमा स्वीकारेका थिए। तर परमेश्वरको आदेशमा आफ्नो सन्देश इस्राएलीहरूको

बीचमा प्रस्तुत गर्दछन् तब उनी के सुनाउन चाहेका थिए सो सुनाउने खुबी उनमा भएको उनले देखाएका थिए। इस्राएल देशका वरिपरि रहेका यहूवे परमेश्वरलाई नपुज्ने सबैलाई थाहा भएको राष्ट्रहरूको नाउँ र तिनीहरूको नैतिक अपराधहरूको सूची उल्लेख गरेर उनले आफ्नो सम्बोधन सुरू गर्दछन्। ती राष्ट्रहरूमा सिरिया, फिलिस्टिया, फिनिसिया, इडोम, आम्मोन र मोआब थिए। तिनीहरूको अपराध थियोः सर्वशक्तिमान सृष्टिकर्ता परमेश्वरलाई सम्मान नगरेको कारण तिनीहरू मानिसहरूप्रति नैतिकरूपमा जिम्मेवार हुनुपर्ने आवश्यकता ठानेका थिएनन्। त्यसले गर्दा तिनीहरूको जीवनशैलीमा अनेकौं अपराधहरू, अन्याय अत्याचार, अरूको व्यक्तिगत जीवनको बलात्कार वा अतिक्रमण, दुष्ट, निर्दयी, निष्ठुर, क्रुर र आतङ्कित गर्ने जीवन पद्धतिलाई अपनाएका थिए। त्यसले गर्दा तिनीहरूलाई परमेश्वरले दण्ड दिने फैसला तोकिएको थियो (यस मामिलामा आमोस १:३देखि २:३सम्म पढ्नुहोस्)। ती राष्ट्रहरूले अपनाइरहेका दोषी तथा भ्रष्ट चरित्रहरूको चित्रण ठिक थियो भनेर इस्राएलीहरूले आम समर्थन त गरेकै होलान् किनभने ती राष्ट्रहरूले प्रायजसो तिनीहरूका अपराधहरू इस्राएलीहरूकै विरुद्धमा चालीरहेका थिए।

अनि आमोस बाहिरी देशहरूमा भएका अपराधहरूको विषयमा सबैलाई जानकारी दिएर आफ्नै देश यहूदाका मानिसहरूको विरुद्धमा पनि परमेश्वरले चाल्नुहुने कदमको घोषणा गरेका थिए। यहुदा देश इस्राएलको दक्षिण भागमा पर्दछ। एकफेरा एक भएको इस्राएल देश दुई टुक्रा भएर अलग भएको थियो। परमेश्वरको निम्ति आमोसले ती यहुदाहरूको नैतिक, धार्मिक र सामाजिक भ्रष्टताको बिरुद्धमा बोलेका थिए। तिनीहरूले परमेश्वरलाई त्यागे, तिनीहरूले परमेश्वरका आदेश तथा आज्ञाहरूलाई सरासर तोडे र अब तिनीहरूमाथि पनि परमेश्वरको दण्ड खनिनेछ भनेर निडर हुँदै उनले जनाऊ दिएका थिए (४ परमप्रभु यसो भन्नुहुन्छः "यहूदाका तीन पापहरू अथवा चारै वटा पापहरूका कारण म मेरो क्रोध हटाउनेछैनँ। तिनीहरूले परमप्रभुको व्यवस्थालाई अस्वीकार गरेका हुनाले, र उहाँका विधिहरू पालन नगरेकाले, र तिनीहरूका पिता-पुर्खाहरूले पछ्याएका झूटा देवताहरूद्वारा तिनीहरू भ्रममा परेका हुनाले, ५ म यहूदामा आगो पठाइदिनेछु, र त्यसले यरूशलेमका किल्लाहरू भस्म पार्नेछ" आमोस २:४-५)। जब आमोसले आफ्ना देशका वरिपरि रहेका छिमेकी देशका मानिसहरूको गलत बाटोलाई औंल्याउँदा

इस्राएलको उत्तर राज्यका जनताहरूले ताली बजाएर सुनिरहेका थिए भनेर हामी कल्पना गर्न सक्छौं।

तर आमोसले आफ्ना श्रोतावर्गहरूतर्फ फर्केर तिनीहरूकै जीवनपद्धतिको चिरफार गर्दछन् तब कथा अर्कै हुन जान्छ। विदेशका मानिसहरूले के गरे भन्ने कुरामा परमेश्वरको चासो भन्दा आफ्नै जनहरू भनाउँदाहरूको जीवनपद्धति वा जीवनशैलीप्रति परमेश्वर नाराज हुनुभएको आमोसले खुलाएका थिए। आमोशको पुस्तकको बाँकी भागमा परमेश्वरकै अगाडि इस्राएलीहरू परमेश्वरका असफल जनहरू हुन पुगेको देखिन्छ। तिनीहरू दुष्ट, मूर्तिपूजक, अन्यायी र परमेश्वरको सामु चुकेको चुकै भइरहेका थिए।

**आमोसले इस्राएलीहरू अर्थात् परमेश्वरका जनहरू हौं भनेर दावीचाहीं गर्ने तर उहाँको मार्गमा नहिँडी अनेकौं पापहरूलाई प्रिय ठानेर पोषिरहेकालाई तिनीहरूका के के पापहरू थिए भनेर केही हदसम्म देहायका पदहरूमा ती पापहरूमा लागिरहेकाहरूलाई परमेश्वरले दिनुभएको चेतावनीहरू हेर्नुहोस्ः आमोस ३ः९-१२ "९ अश्दोदका किल्लाहरू र मिश्रदेशका किल्लाहरूलाई घोषणा गरः "सामरियाका पहाड़हरूमा तिमीहरू भेला होओ। त्यहाँभित्र भएको ठूलो खैलाबैलालाई र त्यसका मानिसहरूका बीचमा भएको अत्याचारलाई हेर।" १० परमप्रभु भन्नुहुन्छ, "तिनीहरू ठीक काम गर्न जान्दैनन्। तिनीहरू लूट र डकैतीका माल आफ्ना किल्लाहरूभित्र सञ्चय गर्छन्।" ११ यसकारण परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः "एउटा शत्रुले देशलाई चढ़ाइ गर्नेछ, त्यसले तिम्रा गढ़ीहरूलाई नाश गर्नेछ, र तिम्रा किल्लाहरू लुट्नेछ।" १२ परमप्रभु यसो भन्नुहुन्छः "जसरी गोठालाले सिंहको मुखबाट खुट्टाका दुई हड्डी अथवा कानको एक टुक्रा मात्र छुटाउँछ, त्यसरी नै सामरियामा पलङ्गको किनारमा र आफ्ना गद्दीका कुनामा बस्ने इस्राएलीहरू छुटाइनेछन्।", ४ः१,२ "१ हे सामरिया डाँड़ामा बस्ने बाशानका गाई हो, तिमी स्त्रीहरू, जो गरीबहरूलाई थिचोमिचो गर्दछौ, र दरिद्रहरूलाई पेल्दछौ, र आफ्ना लोग्नेहरूलाई भन्दछौ, "हामीहरूलाई केही पिउनलाई ल्याइदिनुहोस्।" तिमीहरू यो वचन सुन। २ परमप्रभु परमेश्वरले आफ्नो पवित्रताद्वारा यो शपथ खानुभएको छ, "हेर, समय निश्चय नै आउनेछ, जब तिमीहरूलाई अंकुसेले र तिमीहरूका बाँकी रहेकाहरूलाई बल्छीले समातेर लगिनेछन्। ३ तिमीहरू हरेक जना पर्खालका धाँदाहरूका बीचबाट भएर सोझै जानेछौ, र तिमीहरू हर्मोनतिर फ्याँकिनेछौ"**

परमप्रभु भन्नुहुन्छ।", ५:७-२७ "७ न्यायलाई तीतो बनाउने र धर्मलाई माटोमा मिलाउने तिमीहरू हौ। ८ (किरकिटी र मृगशिरा तारा-समूहलाई सृजनुहुने, र घोर अन्धकारलाई प्रभातकालको उज्यालोमा परिवर्तन गर्नुहुने, दिनलाई अँध्यारो पारेर रात बनाउनुहुने, जसले समुद्रको पानीलाई बोलाउनुहुन्छ र त्यसलाई जमिनमा खन्याउनुहुन्छ" उहाँको नाउँ परमप्रभु नै हो। ९ उहाँले बलियाको विरुद्ध एक्कासि सर्वनाश ल्याउनुहुन्छ, र किल्लाबन्दी गरिएको सहर नाश गर्नुहुन्छ), १० न्यायालयमा बसेर हप्काउनेलाई तिमीहरू घृणा गर्छौ, र सत्य बोल्नेलाई पनि तिमीहरू घृणा गर्छौ। ११ तिमीहरू कङ्गालीलाई कुल्चन्छौ, र अन्न दिन तिनीहरूलाई करकाप गर्दछौ। यसैकारण ढुङ्गाका ठूला-ठूला घरहरू तिमीहरूले बनाए तापनि तिमीहरू तिनमा बस्नेछैनौ। तिमीहरूले लहलहाउँदो दाखबारी लगाए तापनि तिमीहरूले तिनका दाखमद्य पिउनेछैनौ। १२ किनकि म जान्दछु, तिमीहरूका दोषहरू कति धेरै छन्, र तिमीहरूका पाप कति ठूला छन्। तिमीहरू धर्मात्माहरूलाई सताउँदछौ र घूस लिन्छौ। न्यायालयमा गरीबहरूलाई न्यायदेखि वञ्चित गर्छौ। १३ यसैकारण बुद्धिमान् मानिस यस्तो समयमा चूप लागिरहन्छ, किनकि समय खराब छ। १४ भलाइको खोजी गर, खराबीको होइन, र तिमीहरू बाँचिरहो। तब तिमीहरूले भनेझैं सर्वशक्तिमान् परमप्रभु परमेश्वर तिमीहरूसँग रहनुहुनेछ। १५ खराबीलाई घृणा, भलाइलाई प्रेम गर। न्यायालयमा न्याय कायम राख। शायद सर्वशक्तिमान् परमप्रभु परमेश्वरले योसेफका बाँचेकाहरूमाथि कृपा गर्नुहुनेछ। १६ यसकारण परमप्रभु, सर्वशक्तिमान् परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः "सबै सड़कहरूमा रुवाबासी हुनेछ, र हरेक चोकमा तिनीहरूले हाय, हाय गर्नेछन्। किसानहरू विलाप गर्न र मलामीहरू शोक गर्न बोलाइनेछन्। १७ सबै दाखबारीमा रुवाबासी हुनेछ, किनकि म तिमीहरूका बीचबाट भएर जानेछु," परमप्रभु भन्नुहुन्छ। १८ धिक्कार तिमीहरूलाई, जो परमप्रभुका दिनको अति इच्छा गर्दछौ! परमप्रभुका दिनको तिमीहरू किन इच्छा गर्दछौ? त्यो दिन त अन्धकार हुनेछ, उज्यालो होइन। १९ सिंहदेखि भागेर कुनै मानिसको भालूसित भेट भएजस्तै, अथवा घरभित्र गएर आराम गर्नलाई भित्तामा हात राख्दा साँपले त्यसलाई डसेजस्तै त्यो दिन हुनेछ। २० के परमप्रभुको दिन उज्यालो होइन तर अन्धकार हुँदैन र पटक्कै उज्यालो नभएको निष्पट्ट अन्धकार? २१ "तिमीहरूका धार्मिक चाड़हरूलाई म घृणा गर्दछु, तिमीहरूका सभाहरू म सहन सक्दिनँ। २२ तिमीहरूले मेरो निम्ति होमबलि र अन्नबलि चढ़ाए तापनि म ती

ग्रहण गर्नेछैनँ। तिमीहरूले चढ़ाएका सबैभन्दा असल मेलबलिमाथि पनि म
परवाह गर्नेछैनँ। २३ तिमीहरूका सङ्गीतहरूको हल्ला मदेखि टाढ़ा राख। म
तिमीहरूका वीणाहरूका सङ्गीत सुन्न चाहन्नँ। २४ तर न्यायचाहिँ नदीझैं र
धार्मिकता कहिले नसुक्ने खोलाझैं बगिरहोस्! २५ "इस्राएलका मानिस हो, के
तिमीहरूले उजाड़-स्थानमा ती चालीस वर्षसम्म मलाई पशुबलि र भेटीहरू
चढ़ायौ र? २६ तिमीहरूले आफ्नै निम्ति बनाएका राजाको तम्बू, तिमीहरूका
मूर्तिहरूको थान, र तिमीहरूको तारा-देव उठाएका छौ। २७ यसकारण
दमस्कसदेखि पनि पारि म तिमीहरूलाई निर्वासनमा पठाइदिनेछु," परमप्रभु
भन्नुहुन्छ, जसको नाउ सर्वशक्तिमान् परमेश्वर हो।" आमोस ८:४-१४ "४
हे कङ्गालीहरूलाई खुट्टाले कुल्चनेहरू र देशका गरीबहरूलाई हटाउनेहरू हो
सुन, ५ तिमीहरू जसले भन्छौ, "औंसी कहिले बित्छ र हामी अन्न बेच्न
सकौं? अनि शबाथ कहिले समाप्त हुन्छ र हामी गहूँ बेच्न सकौं? माना सानो
र ढक गह्रौं बनाई झूटो तराजू चलाएर ठग्न सकौंला। ६ गरीबलाई रुपियाँमा
र दरिद्रलाई एक जोर जुत्तामा किन्न सकौंला, कसिङ्गरसहित गहूँ बेच्न सकौंला?
७ याकूबको गर्वमा परमप्रभुले यसो भनेर शपथ खानुभएको छः "म तिनीहरूले
गरेका कुनै पनि कामलाई कहिल्यै बिर्सनेछैनँ। ८ के यसैको कारण जमिन
काम्नेछैन र? त्यसमा बस्ने सबैले विलाप गर्नेछैनन् र? सम्पूर्ण देश नील
नदीझैं बढ्नेछ, र मिश्रको नदी उर्लेर घटेझैं घटेर जानेछ।" ९ परमप्रभु
परमेश्वर भन्नुहुन्छ, "त्यस दिन म सूर्यलाई मध्यदिनमा अस्ताइदिनेछु, र
उज्यालो हुँदै पृथ्वीलाई अँध्यारो पारिदिनेछु। १० म तिमीहरूका धार्मिक
चाड़हरूलाई विलापमा र तिमीहरूका सबै गीतहरूलाई रुवाइमा परिवर्तन
गरिदिनेछु। म तिमीहरू सबैलाई भाङ्ग्रा लाउन र कपाल खौरन लगाउनेछु।
एउटै मात्र छोराको निम्ति विलाप गरेझैं त्यस समयलाई तुल्याउनेछु। त्यसको
अन्त्य तीतो हुनेछ।" ११ परमप्रभु परमेश्वर भन्नुहुन्छ, "यस्ता दिनहरू
आउँदैछन्, जब म देशमा अनिकाल ल्याउनेछु" जुनचाहिँ न त अन्नको
अनिकाल न पानीको तिर्खा हो, तर परमप्रभुको वचन सुन्ने तृष्णाको अनिकाल
हुनेछ। १२ मानिसहरू परमप्रभुका वचनको खोजीमा एक समुद्रदेखि अर्को
समुद्रसम्म, र उत्तरदेखि पूर्वसम्म धरमरिँदै हिंड्नेछन्। तर तिनीहरूले त्यो
पाउनेछैनन्। १३ "त्यस दिन, सुन्दरी तरुणीहरू र बलिष्ठ जवानहरू तिर्खाले
मूर्च्छा खानेछन्। १४ सामरियाको शर्मको नाउँमा शपथ खाने अथवा "हे दान,

**तिम्रो देवता जीवित भएझैं, वा बेर्शेबाको देवता जीवित भएझैं" भन्नेहरू सबै लोट्नेछन्, र फेरि कहिल्यै उठ्नेछैनन्।"**

आमोसले कुटनिति प्रयोग गरेर वा चिप्लो घसेर आफ्ना लवजहरू निकालेका थिएनन्। इस्राएलीहरूको पतनलाई लक्षित गरेर दिएका उनका शब्दहरू ठाडै कटु थिए। तर ती आवाजहरूमा परमेश्वरतिर फर्किन अनुरोध थियो जुन मसलादार थियो। तिनीहरूका वरिपरिरहेका दरिद्र, गरिब, पिछडिएका, दविएका मानिसहरूप्रति न्याय र सरोकार देखाउन तिनीहरूको हृदयसंवेदशील हुन आमोसको बुलन्द आवाज थियोः "तर न्यायचाहिँ नदीझैं र धार्मिकता कहिले नसुक्ने खोलाझैं बगिरहोस्!" (आमोस ५:२४)। आमोसको चेतावनीमा केवल उदासिनतामात्रै थिएन तर परमेश्वरका जनहरू भनेर दावी गरेर उहाँका मार्गमा हिँड्नेहरूको पुनरुद्धार र पुनर्स्थापित हुनेछ भन्ने भविष्यवाणी पनि दिएका थिए "११ त्यस दिन म दाऊदको ढलेको वासस्थानलाई पुनर्स्थापन गर्नेछु, र त्यसका प्वालहरू मरम्मत गर्नेछु। अनि भत्केको अवस्थाबाट त्यसलाई म खड़ा गर्नेछु र अघिजस्तै गरी म त्यसलाई निर्माण गर्नेछु, १२ ताकि तिनीहरूले एदोमको बाँकी रहेका, र मेरो नाउँ भएका सबै जाति-जातिलाई अधिकार गरून्।" यसै नै गर्नुहुने परमप्रभु घोषणा गर्नुहुन्छ। १३ "यस्ता दिन आउँदैछन्," परमप्रभु भन्नुहुन्छ, "जब कटनी गर्नेलाई हलो जोत्नेले उछिन्नेछ, र बीउ छर्नेलाई दाख पेल्नेले उछिन्नेछ। पर्वतहरूबाट नयाँ दाखमद्य चुहुनेछ, र सबै डाँड़ाहरूबाट त्यो बहनेछ। १४ म मेरो निर्वासनमा गएका प्रजा इस्राएललाई फर्काएर ल्याउनेछु। ध्वंस भएका सहरहरूलाई तिनीहरूले फेरि निर्माण गरेर तिनमा वास गर्नेछन्। तिनीहरूले दाखबारीहरू लगाएर तिनका दाखमद्य पिउनेछन्। तिनीहरूले बगैंचाहरू बनाएर तिनका फलहरू खानेछन्। १५ म इस्राएललाई तिनीहरूकै देशमा कहिल्यै नउखेलिने गरी बसाल्नेछु, जुन देश मैले तिनीहरूलाई दिएको छु" परमप्रभु तिमीहरूका परमेश्वर भन्नुहुन्छ।" (आमोस ९:११-१५)। "जब इस्राएलीहरू परमेश्वरको बाटो बिराएर अधर्म तथा पापको गहिरो खाल्डोमा परिरहेका थिए र तिनीहरूलाई परमेश्वरको महान् खाँचो भएको थियो, त्यसबेला उहाँले तिनीहरूलाई क्षमा र आशाका हातहरू पसारिरहनुभएको थियो।"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किङ्स्,* पृ. २८३बाट रूपान्तरित।

**के तपाईंले ती समयहरूको अनुभव गर्नुभएको थियो जब गलत कामलाई कटु वचनद्वारा सच्याउनुपरेको थियो? येशूलाई विश्वास गर्छु भनेर**

दावी गर्न तर आफ्नो जीवनशैलीद्वारा उहाँको बेइज्जत गर्नेहरूलाई उहाँतिर फर्काउन कस्तो किसिमको लवजहरू प्रयोग गर्नुपर्छ भनेर हामीले कसरी सजग हुने?

## ३. मीका

**"८ ए मानिस, जे असल छ, त्यो उहाँले तिमीलाई देखाउनुभएको छ। र परमप्रभुले तिमीबाट के चाहनुहुन्छ? केवल यति, न्यायोचित वा ठीकसित काम गर्नू र कृपालाई प्रेम गर्नू र तिम्रा परमेश्वरसित विनम्र भएर हिँड्नू।" (मीका ६:८ रूपान्तरित)। बर्तमान परिप्रेक्ष्यमा नै यहाँ व्यक्त गरेको परमेश्वरको चाहनाहरूसम्मत तपाईं कसरी चल्न सक्नुहुन्छ?**

धर्मशास्त्र बाइबलमा भएका धेरै कथनहरूमा मीका ६:८ सायद अत्यन्तै प्रचलित कथन हुनसक्छ। यद्यपि, कतिपय समयमा हामीहरूले त्यो र अरू कथनहरूलाई विज्ञापन वा पोस्टर छापाहरूमा लेखिएका कथन जस्तै सम्झिन्छौं होला तर कुन परिप्रेक्ष्यमा त्यो कथनको उच्चारण गरिएको थियो त्यसको बारेमा हामीलाई कमै जानकारी भएको हुनसक्छ।

**परमेश्वरलाई नै विश्वास गर्छु भनेर उहाँका जनहरू हौं भनेर दावी गर्नेहरूले के गरिरहेका थिए जुन् मीकाले घोर आपत्ती जनाएका थिए? हेर्नुहोस् "८ भर्खरै मेरा प्रजा शत्रुहरूझैं खड़ा भएका छन्। केही परवाह नगरी छेउबाटै जानेहरूबाट तिमीहरूले लड़ाइँबाट फर्कने मानिसहरूले जस्तै मूल्यवान् खास्टो खोसेर लैजान्छौ। ९ मेरा प्रजाका स्त्रीहरूलाई तिनीहरूका आनन्दमय घरहरूबाट तिमीहरू निकालिदिन्छौ। तिनीहरूका बालकहरूबाट मेरो आशिष् सदाको निम्ति तिमीहरू खोसिलैजान्छौ। १० उठ, गइहाल! किनकि यो तिमीहरूको विश्राम गर्ने ठाउँ होइन, किनभने त्यो दूषित पारिएको छ, केही उपाय नहुने गरी यो नष्ट पारिएको छ। ११ यदि कुनै झूट बोल्ने र छली मानिस "म तिम्रो निम्ति धेरै दाखमद्य र जाँड़को निम्ति अगमवाणी कहनेछु" भनेर भन्छ भने, त्यो यस प्रजाको निम्ति उचित अगमवक्ता हुनेछ! " (मीका २:८-११) र "८ तर म त याकूबलाई तिनको अपराध र इस्राएललाई तिनको पाप जनाइदिनलाई परमप्रभुका आत्माद्वारा शक्ति, न्याय र पराक्रमले पूर्ण छु। ९ हे याकूबका घरानाका अगुवाहरू र इस्राएलका घरानाका शासक हो, यो सुन, तिमीहरू, जसले न्यायलाई घृणा गर्दछौ र सबै ठीक कुरालाई बङ्ग्याउँछौ, १० जसले रगत बगाई सियोनलाई र दुष्टताद्वारा यरूशलेमलाई**

**निर्माण गर्दछौ। ११ त्यसका अगुवाहरू घूस खाएर न्याय गर्दछन्। त्यसका पूजाहारीहरू ज्याला लिएर सिकाउँदछन्। त्यसका अगमवक्ताहरू पैसाको लागि अगमवाणी कहँदछन्। तापनि तिनीहरू परमेश्वरको आड़ लिएर भन्छन्, "के परमप्रभु हाम्रा बीचमा हुनुहुन्न र? हामीमाथि कुनै खराबी आइपर्नेछैन।" १२ यसैकारण तिमीहरूकै कारण सियोन खेतझैं जोतिनेछ, यरूशलेमचाहिँ ढुङ्गा-रोड़ाको थुप्रो बन्नेछ, मन्दिरको डाँड़ाचाहिँ झाड़ीहरू बढ़ेर आएको ढिस्कोझैं हुनेछ।" (मीका ३:८-१२)।**

यहूदाको राजा आहाजको समयमा परमेश्वरको जनहरूको इतिहास र आत्मियता घटिया स्तरमा झरेको थियो। मूर्तीपूजा, टुनामुना र धर्मकै नाउँमा अनेकौं दुष्ट संस्कारहरू बढ्दै गएका थिए। फेरि त्यसैबखत अरू अगमवक्ताहरूले थाहा पाए जस्तै गरिब, पिछडिएको वर्ग, कमजोरहरूलाई शोषण गरिरहेका थिए र तिनीहरूलाई दवाएर धनाद्यवर्गहरू धनी भइरहेका थिए। मीकाको समयमा रहेका अरू अगमवक्ताहरू जस्तै मीका पनि देशमा हुने सर्वनाशको भविष्यवाणी गर्ने अगमवक्ता हुनपुगेका थिए। मीका पुस्तकको प्रायजसो प्रथम तीन अध्यायहरूमा आफ्ना जनहरूले दुष्ट बाटो रोजेकोले परमेश्वरको शोक र क्रोध व्यक्त गर्नुभएको पाइन्छ त्यसको साथै तिनीहरूको अट्टेरिपनाले तिनीहरूमाथि आउने बिपत्ती वा नाशको विषयमा पनि उल्लेख गरिएको छ। आफ्ना जनहरूले परमेश्वरलाई त्यागेतापनि परमेश्वरले त्यागनुभएको थिएन  न त त्यागन चाहनुभएको थियो। अगमवक्ताहरूले चर्को वा कर्कश आवाजहरू घन्काएतापनि, तिनीहरूका सन्देशहरू रुखो भएतापनि आफ्ना जनहरूप्रति परमेश्वरले देखाइरहनुभएको चासो निरन्तररूपमा उठाइरहनुभएको हामी पाउँछौं। आफ्ना जनहरूको वास्ता गर्नुभएकोले र माया गर्नुभएकोले उहाले तिनीहरूलाई चेतावनीहरू दिनुभएको थियो। तिनीहरूलाई क्षमा दिन र तिनीहरूको जीवन पुनर्स्थापना गर्न परमेश्वरको गहिरो इच्छा थियो। तिनीहरूले बाटो बिराएर गएतापनि तिनीहरूसँग आफू सधैं रिसाइनरहने वाचा दिनुभएको थियो (मीका ७:१८-२० "१८ तपाईंजस्तो परमेश्वर को छ र, जसले पाप-क्षमा गर्नुहुन्छ, र आफ्नो निज उत्तराधिकारका बाँकी रहेकाहरूको अपराध माफ गरिदिनुहुन्छ? तपाईं सधैंसम्म रिस गर्नुहुन्न, तर कृपा गर्नमा खुशी हुनुहुन्छ। १९ हामीलाई तपाईंले फेरि टिठ्याउनुहुनेछ। तपाईंले हाम्रा पापहरूलाई खुट्टाले कुल्चनुहुनेछ र हाम्रा सबै अधर्म समुद्रको गहिराइमा फालिदिनुहुनेछ। २० तपाईं याकूबप्रति सत्य रहनुहुनेछ र

अब्राहामलाई कृपा देखाउनुहुनेछ, जसरी धेरै अघि तपाईंले शपथ खाएर हाम्रा पुर्खाहरूलाई प्रतिज्ञा गर्नुभएको थियो"))।

उपर्युक्त परिवेशमा मीकाले अत्यन्तै उपयोगी नीति वा सूत्र व्यक्त गरेका थिए-जे न्यायोचित र उचित छ सो गर्नु, करुणा वा कृपा देखाउनु र नम्र भएर हिंड्नु। भन्नु अन्त्यन्तै सजिलो छ तर व्यवहारिकरूपमा चल्नु चुनौतीपूर्ण छ र परमेश्वरप्रतिको आस्थालाई सक्रिय बनाइ राख्नु आवश्यक छ। जुन समाजमा हामी रहन्छौं उक्त समाज त्यस नीति अनुसार चल्न नैतिकरूपमा वाध्य नभएको परिप्रेक्ष्यमा येशूलाई विश्वास गर्नेहरूले त्यस नीतिमा चल्न खोज्दा तिनीहरू उपहासको पात्र बन्न पुगेका हुन्छन्। अहंकार, प्रतिस्पर्धा र आफ्नो भाऊ खोज्ने प्रवृति भएको मानिसहरूको सामु करुणा, दया वा कृपा देखाउन खोज्नु, न्यायोचित र उचित काम गर्नु, कृपामा रहिरहनु र कोमल तथा नम्र भएर हाँसोको पात्र बन्न खोज्नु हो। त्यसको निम्ति साहस, लगतशीलता र दृढता चाहिन्छ। तर यो कदम हामी आफैले चाल्न सक्दैनौं। हामीलाई परमेश्वरको साथ चाहिन्छ। यदि हामी यस्तो बाटो अपनाएर चल्यौं भने हामी परमेश्वरको मार्गमा चलिरहेको प्रमाण दिन्छौं।

**येशूलाई विश्वास गर्छु भन्नेले न्यायोचित वा ठीक तरिकामा चल्नु, कृपालाई प्रेम गर्नु र परमेश्वरको सामु नम्र भएर चल्नुसँग के सम्बन्ध राख्दछ?**

## ४. इजकिएल

यदि हामीले एक इसाई समूहलाई "सोडोमका पापहरू के थिए?" भनेर सोध्यौं भने तिनीहरूका जवाफहरू भिन्न भिन्न हुनसक्छन्। सोडोमका मानिसहरू अनेकौं यौन दुर्व्यसनमा फसेका थिए वा तिनीहरूको मानसिकता र आत्मिकता अत्यन्तै पतित अवस्थामा थिए भन्ने जवाफहरू पाइन सकिन्छ। निःसन्देह तिनीहरूका पापहरू यस्ता भारी थिए कि त्यहाँका मानिसहरू र तिनीहरूका समाजहरू ध्वस्त हुने गरि पाकिसकेका थिए (हेर्नुहोस्ः उत्पत्ति १९:१-२६ "१ साँझमा ती दुई स्वर्गदूतहरू सदोममा आए। त्यस बेला लोत सदोमको मूल ढोकामा बसिरहेका थिए। उनीहरूलाई देखेर लोत भेट गर्न उठे, र भूइँसम्म निहुरेर दण्डवत् गरी भने, २ "हजूर, कृपा गरी आफ्नो दासको घरमा पाल्नुहोस्, र त्यहीं रात बिताउनुहोस्। तपाईंहरू आफ्ना पाउ धुनुहोस् र बिहान सबेरै उठेर जानुहोस्।" उनीहरूले भने, "अँहँ, हामी बाहिर चोकमा नै सुत्नेछौं।" ३ तिनले उनीहरूलाई ज्यादै ढिपी लाएर बिन्ती गरे। यसैले

उनीहरू तिनको साथ लागेर तिनको घरमा गए। तिनले उनीहरूलाई भोज दिए, र खमिर नहालेको रोटी बनाएर उनीहरूका सामुन्ने राखिदिए, र उनीहरूले खाए। ४ उनीहरू सुत्न अघि सदोम सहरका के युवक के बूढ़ा एउटै पनि नछोड़ी जम्मै मानिसहरू आएर लोतको घर रिङ्गै घेरे। ५ तिनीहरूले लोतलाई बोलाएर भने, "बेलुकी तिमीकहाँ आएका मानिसहरू कहाँ छन्? उनीहरूलाई यहाँ बाहिर हामीकहाँ ल्याऊ, र हामी उनीहरूसँग भोग गरौं।" ६ लोत ढोकाबाहिर तिनीहरूकहाँ गएर ढोकाचाहिँ आफ्नो पछिल्तिर थुनिदिए, ७ र तिनीहरूलाई भने, "हे मेरा दाजुभाइ हो, कृपा गरी यस्तो दुष्ट काम नगर्नुहोस्। ८ कुनै मानिससित सहवास नभएका मेरा दुई छोरीहरू छन्। बरु म तिनीहरूलाई नै तपाईंहरूकहाँ बाहिर ल्याइदिनेछु। तपाईंहरूको इच्छाअनुसार तिनीहरूसित व्यवहार गर्नुहोस्। तर यी मानिसहरूलाई केही नगर्नुहोस्, किनकि उनीहरू मेरो छानामुनि आएका मेरा पाहुना हुन्।" ९ तर तिनीहरूले भने, "पछि हट्।" अनि तिनीहरूले भने, "हामीसँग बसोबास गर्न आएको यो मानिस अब हाम्रो न्यायकर्ता हुन खोज्दोरहेछ। अब उनीहरूलाई भन्दा तँलाई हामी नराम्रो व्यवहार गर्नेछौं।" तब तिनीहरूले लोतलाई घचेटे, र ढोका फोर्नलाई अगि बढ़े। १० तर भित्रका ती दुई मानिसहरूले आफ्ना हात बढ़ाएर लोतलाई तानी आफूकहाँ घरभित्र हुले, र ढोका थुनिदिए, ११ र उनीहरूले घरका ढोकानेर भएका साना-ठूला जम्मै मानिसहरूलाई अन्धा पारिदिए। तब ती मानिसहरूले ढोका भेट्टाउन सकेनन्। १२ ती दुई मानिसहरूले लोतलाई भने, "तिमीसँग यहाँ अरू कोही छन्? जुवाइँ, कि छोराछोरीहरू, अथवा सहरमा तिम्रा अरू जो भए पनि तिनीहरूलाई लिएर यस ठाउँबाट निस्केर जाऊ, १३ किनभने हामी यस ठाउँलाई नष्ट पार्नेछौं, किनकि यहाँका मानिसहरूका विरुद्धमा उठेको आवाज परमप्रभुको अगि यति ठूलो भएको छ कि यस सहरलाई सर्वनाश गर्न परमप्रभुले हामीलाई पठाउनुभएको छ।" १४ यसैकारण आफ्ना छोरीहरूलाई विवाह गर्न माग्ने जुवाइँहरूकहाँ गएर लोतले भने, "उठ, यस ठाउँबाट गइहाल, किनभने परमप्रभुले यो सहर नष्ट पार्नुहुनेछ।" तर जुवाइँहरूलाई त तिनले ठट्टा गरेजस्तो लाग्यो। १५ उज्यालो हुन लाग्दा ती दूतहरूले लोतलाई यसो भनेर आतुरी लाए, "उठ, तिम्री पत्नी र यहाँ भएका तिम्रा दुई छोरीहरूलाई लिएर गइहाल, नत्रता यस सहरले पाउने सजायमा तिमी पनि भस्म हुनेछौ।" १६ जब तिनले आलटाल गरिरहे, तब ती मानिसहरूले तिनका, तिनकी पत्नीका र

दुवै छोरीहरूका हात समातेर सहरबाहिर ल्याए। किनभने परमप्रभुको दया
तिनीहरूमाथि थियो। १७ तिनीहरूलाई बाहिर ल्याएपछि उनीहरूमा एक
जनाले भने, "आफ्नो ज्यान जोगाउनलाई भाग, फर्केर पछाड़ि नहेर, र बेंसीमा
कतै पनि नअड़िनू, तर पहाड़तिर भाग, नत्रता तिमीहरू भस्म हुनेछौ।" १८
तब लोतले उनीहरूलाई भने, "हजूर हो, त्यसो नहोस्। १९ हेर्नुहोस्,
तपाईंहरूको दासले तपाईंहरूको अनुग्रह पाएको छ, र मेरो प्राण बचाएर
तपाईंहरूले मलाई ठूलो करुणा देखाउनुभएको छ। म पहाड़तिर भाग्न
सक्दिनँ, नत्रता यस विपत्तिमा परेर म मर्नेछु। २० हेर्नुहोस्, ऊ त्यो सहर
भाग्नलाई नजिकै छ, र त्यो सानो पनि छ। मलाई त्यहीं नै भाग्न दिनुहोस्,
त्यो साह्रै सानो छैन र? त्यहाँ गए मेरो प्राण बाँच्ला।" २१ उनले तिनलाई
भने, "हेर, यस विषयमा मैले तिम्रो बिन्ती ग्रहण गरें। तिमीले भनेको
सहरलाई चाहिँ म भस्म गर्नेछैनँ। २२ चाँड़ो गरेर त्यहीं नै भागिजा, किनकि
तिमी त्यहाँ नपुगुन्जेल म केही गर्न सक्दिनँ।" (यसैले त्यस सहरको नाउँ
सोअर राखियो।) २३ लोत सोअरमा पुग्दा सूर्य उदाइसकेको थियो। २४ तब
परमप्रभुले सदोम र गमोरामाथि आकाशबाट आगो र गन्धक बर्साउनुभयो।
२५ यसरी उहाँले ती सहरहरू र जम्मै बेंसी र सहरहरूका सबै बासिन्दाहरू र
जमिनमा उम्रेका सबै थोक सर्वनाश गरिदिनुभयो। २६ तर लोतकी पत्नीले
पछाड़ि फर्केर हेरिन्, र तिनी नूनको थाम भइहालिन्।"

सोडोमको पापको बारेमा फाटफुट जवाफ दिनु रोचक नै होला तर तिनीहरूको पाप मानिसहरूले सोचे भन्दा जटिल थिए। यस मामिलामा इजकिएलले दिएका विवरण हेर्नुहोस्, इजकिएल १६:४९,५०: "४९ "अब तिम्री बहिनी सदोमको पापचाहिँ यही थियोः त्यो र त्यसका छोरीहरू हठी थिए, पेटभरि खान्थे र लापरवाहीमा बस्थे। तिनीहरूले दरिद्रहरूलाई सहायता गरेनन्। ५० तिनीहरू अहङ्कारी थिए, र मेरो सामुन्ने घिनलाग्दा काम गरे। यसकारण मैले तिनीहरूलाई सर्वनाश गरें" त्यो तिमीले देखेकै छौ")। सहरमा भएका विभिन्न घिनलाग्दा क्रियाकलापहरूको बिरुद्धमा परमेश्वरले आँखा चिम्लनुभएको थिएन भन्ने कुरा स्पष्ट छ। तर यहाँ दिइएको विवरणमा उहाँका जनहरू भनेर दावी गर्नेहरूले नै अरूप्रति गरेको आर्थिक अन्याय र खाँचोमा परेकाहरूलाई वेवास्ता गर्ने बानीप्रति परमेश्वर रुष्ट हुनुभएको थियो। यौन दुर्व्यसन वा यौन दुर्व्यवहार घिनलाग्दा कार्य भनेर परमेश्वरले देख्नुभए जस्तै उहाँको अगाडि आर्थिक शोषण, अहङ्कारी हुने प्रवृत्ति, दरिद्रहरूलाई हेपेर वेवास्ता

गर्ने, कमजोर र पिछ्डिएको भनेर हेप्ने जस्ता पापी मानिसको स्वभाव पनि उहाँको अगाडि घिनलाग्दा थिएनन् होलान्?

इजकिएलका भविष्यवाणीहरू आमोस, मीका र यशैया पछि आएको भएतापनि उनले गरेका आउने बिनाशको चेतावनी तिनीहरूसँग मिलेको थियो। इजकिएलको समयसम्म आइपुग्दा यरुशलेमको पतन भइसकेको थियो र त्यहाँका मानिसहरूलाई युद्धवन्दी बनाएर बेबिलोनमा लगिसकिएको थियो। यद्यपि, इजिकिएलले पाएका परमेश्वरका प्रतिज्ञाहरूको केन्द्रविन्दु उहाँका मानिसहरूको नाश नभएर तिनीहरूको पुनर्स्थापनाको बारेमा थियो।

**परमेश्वरले आफ्ना जनहरूलाई भैंडाको संज्ञा दिनुभएको छ। ती जनहरूलाई रेखदेख गर्न उहाँले अगुवाहरू नियुक्ति गर्नुभएको थियो। तर ती अगुवाहरू कस्ता खालका भ्रष्ट हुन पुगे र आफ्ना कमजोर भैंडालाई तिनीहरूले गरेका व्यवहार उहाँले गर्नुहुने व्यवहारभन्दा कति बिपरीत थियो भनेर देहायका पदहरूले कसरी खुलस्त गरेको छ। हेर्नुहोस्, इजकिएल ३४:१-१६ "१ परमप्रभुको यो वचन मकहाँ आयोः २ "हे मानिसको छोरो, इस्राएलका गोठालाहरूका विरुद्धमा यो अगमवाणी तिनीहरूलाई कहेर भन्: परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः "धिक्कार, इस्राएलका गोठालाहरूलाई, जसले आफ्नै मात्र वास्ता गर्दछन्! के गोठालाले भेड़ाहरूको वास्ता गर्नुपर्ने होइन र? ३ तिमीहरू दही खान्छौ, ऊनको वस्त्र लगाउँछौ, मोटा-मोटा पशुहरू मार्छौ, तर बगाललाई चाहिँ तिमीहरू वास्तै गर्दैनौ। ४ तिमीहरूले दुर्बललाई बलिया पारेका छैनौ, बिरामीलाई निको पारेका छैनौ, घाइतेलाई मलहमपट्टी लगाइदिएका छैनौ। तिमीहरू बाटो बिराएकालाई बाटोमा ल्याएका छैनौ, हराएकालाई खोजेका छैनौ। तिमीहरूले तिनीहरूलाई निर्दयता र कठोरतासाथ शासन गरेका छौ। ५ यसैले तिनीहरू छरपष्ट भए, किनकि तिनीहरूको गोठालो नै थिएन। जब तिनीहरू छरपष्ट भए, तब तिनीहरू जङ्गली जनावरका शिकार भए। ६ मेरा भेड़ाहरू बाटो बिराएर पहाड़हरू र हरेक अल्गो डाँड़ामा गए। तिनीहरू सारा पृथ्वीभरि नै छरपष्ट भए, र कसैले तिनीहरूको खोजी अथवा सोधपूछ गरेन। ७ यसकारण हे गोठालाहरू हो, परमप्रभुको वचन सुनः ८ परमप्रभु परमेश्वर भन्नुहुन्छ, जस्तो म जीवित छु, गोठाला नभएका कारण मेरो बगाल लुटिएर जङ्गली जनावरहरूको आहारा भएको छ। किनभने मेरा गोठालाहरूले मेरा बगालको खोजी गरेनन्, र भेड़ाहरूको त होइन, तर आफ्नै मात्र वास्ता गरे। ९ यसैकारण हे गोठालाहरू हो, परमप्रभुको वचन सुनः १० परमप्रभु**

परमेश्वर यसो भन्नुहुन्छः म गोठालाहरूका विरुद्धमा छु, र तिनीहरूले मेरो बगालको लेखा दिनुपर्नेछ। म ती गोठालाहरूलाई बगालको हेरचाह गर्नदेखि हटाइदिनेछु, ताकि गोठालाहरूले अब आफैलाई पोस्याउन नपाऊन्। म तिमीहरूका मुखबाट मेरा बगाललाई बचाउनेछु, र मेरा भेड़ाहरू तिनीहरूका निम्ति भोजन हुनेछैनन्। ११ किनभने परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः अब म आफैले मेरा भेड़ाहरूको खोजी गरेर तिनीहरूको हेरचाह गर्नेछु। १२ जसरी आफ्नो बगाल यताउता छरपष्ट हुँदा गोठालाले भेड़ाहरूलाई खोज्न जान्छ, त्यसरी नै म मेरा भेड़ाहरूलाई खोज्नेछु। अँध्यारो धुम्मिएको दिनमा छरपष्ट भएका सबै ठाउँहरूबाट म तिनीहरूलाई बचाउनेछु। १३ म तिनीहरूलाई जाति-जातिहरूबाट निकालेर ल्याउनेछु, र देश-देशबाट भेला गर्नेछु। म तिनीहरूलाई तिनीहरूको आफ्नै देशमा ल्याउनेछु। म तिनीहरूलाई इस्राएलका पहाड़हरूमा, त्यसका खोल्साहरूमा र देशका सबै बस्तीहरूमा चराउनेछु। १४ म तिनीहरूलाई राम्रो चरनमा चराउनेछु, र इस्राएलका अल्गा-अल्गा पहाड़हरू तिनीहरूका खर्क हुनेछन्। त्यहाँ तिनीहरू असल खर्कमा पल्टिबस्नेछन्, र इस्राएलका पहाड़हरूमा असल चरनमा तिनीहरू चर्न पाउनेछन्। १५ म आफै मेरा भेड़ाहरूको हेरचाह गर्नेछु, र तिनीहरूलाई त्यहाँ सुताउनेछु, परमप्रभु परमेश्वर भन्नुहुन्छ। १६ हराएकालाई म खोज्नेछु, बाटो बिराएकालाई फेला पारेर म ल्याउनेछु। घाइतेलाई म मलहमपट्टी लगाइदिनेछु, निर्बललाई बलियो पार्नेछु। तर मोटा, ताजा र बलियाहरूलाई म नष्ट पार्नेछु। बगालको हेरचाह न्यायसित गर्ने गोठालो म हुनेछु।"

सोडोमको तुलनामा ती परमेश्वरका जनहरू जतिसुकै खराब भएतापनि तिनीहरू आफ्नो दुष्ट चालबाट फर्कुन भनेर उहाँले हात पसारिरहनुभएको थियो। उहाँको आशा थियो कि परमेश्वरको अनुग्रहले तिनीहरूको मन पग्लून र तिनीहरूको आचरण बदलिऊन। ती मानिसहरू तिनीहरूको भूमिमा फर्कुन्, यरुशेलमको पुनर्द्धार होस् र मन्दिरको पुनर्निर्माण होस् भन्ने आफ्ना जनहरूको निम्ति परमेश्वरको नयाँ योजना थियो। परमेश्वरले दिनुभएको विभिन्न चाडबाडहरू फेरि चालु गरिनेछ र भूमि फेरि सबै परिवारलाई आफ्नो अचल सम्पत्तिको रूपमा बराबर बाँडिने परमेश्वरको योजना थियो (इजकिएल ४७:१३-४८:२९ हेर्नुहोस्)। मोशाको नेतृत्वमा इस्राएलीहरूलाई इजिप्टबाट उद्धार गरि तिनीहरूबाट नयाँ राष्ट्र स्थापना गर्ने परमेश्वरको धोकोलाई तिनीहरूको स्वार्थले तहसनहस पारेका थिए। अब युद्धबन्दी भएर गएका ती

इस्राएलीहरू चेतिएलान् र त्यहाँबाट फर्केपछि आफ्नो इच्छा अनुसार पुन नयाँ राष्ट्र खडा गर्ने परमेश्वरको नियत थियो। त्यस नयाँ राष्ट्रमा समाजका कमजोर मानिसहरूप्रति र बाहिर वा परदेशका मानिसहरूप्रति परमेश्वरका जनहरूले दया, अनुग्रह र चासो देखाउने नीति समावेश भएको थियो।

**हाम्रो परमेश्वर त्यो परमेश्वर हुनुहुन्छ जसले मानिसहरूलाई दोस्रो मौका दिनुहुन्छ। उहाँका जनहरूले बाटो बिराएर गएतापनि तिनीहरूले अझ असल निर्णय गरुन् भन्नको लागि उहाँले दोस्रो मौका दिनुहुन्छ भन्ने कुरा तपाईंको निम्ति किन महत्त्वपूर्ण हुनुपर्छ?**

## ५. यशैया

आफ्ना समाजका वरिपरि रहेका मानिसहरूको बीचमा भइरहेका सामाजिक, आत्मिक र मानसिक विकृतिहरूलाई परमेश्वरका अगमवक्ता यशैयाले कसरी चित्रण गरेका थिए, हेर्नुहोस्ः “१ यहूदाका राजाहरू उज्जियाह, योताम, आहाज र हिजकियाका शासनकालमा आमोजका छोरा यशैयालाई यहूदा र यरूशलेमबारे परमेश्वरले दर्शनमा दिनुभएको सन्देश यस पुस्तकमा छ। २ परमप्रभुले भन्नुभयो, "हे पृथ्वी र आकाश, मेरा कुरा सुन! मैले हुर्काएका छोरा-छोरीहरूले मेरा विरुद्धमा विद्रोह गरेका छन्। ३ गोरुले आफ्नो मालिक चिन्दछ र गधाले आफ्नो मालिकले खुवाउने डुँड चिन्दछ। यी पशुहरूको ज्ञान र मेरा प्रजा इस्राएलीहरूको भन्दा बढी छ। मेरा प्रजाले केही बुझ्दैनन्।" ४ तिमी पापी जाति, दुष्ट र भ्रष्ट मानिसहरूका झुण्ड, तिमीहरू विनाश हुनेछौ। तिमीहरूका पापले तिमीहरूलाई तल घिसार्दछ! तिमीहरूले परमप्रभु, इस्राएलका पवित्र परमेश्वरलाई इन्कार गरेका छौ र उहाँलाई आफ्ना पिठ्युँ फर्काएका छौ। ५ तिमीहरू किन विद्रोह गरिरहन्छौ? के तिमीहरूले अझ धेरै दण्ड खोजेका? हे इस्राएल, तिम्रो शिर घाउले भरिएको छ, तिम्रो हृदय र मन रोगी भएको छ। ६ तिम्रो शरीरमा शिरदेखि पैतालासम्म रोग नलागेको कुनै ठाउँ छैन। चोट, घाउ, खटिरा र ठूला घाउहरूले तिमी बिटुलिएको छौ। तिम्रा घाउ कसैले धोएर मलम-पट्टी लगाइदिएको छैन। ७ तिमीहरूका देश विध्वंस पारिएको छ र तिमीहरूका सहरहरू आगोले भस्म पारिएका छन्। तिमीहरूकै सामुन्ने विदेशीहरूले तिम्रा जमिन हात पार्छन् र सबै थोक नष्ट गरिदिन्छन्। ८ खालि यरूशलेम बाँचेको छ तर त्यो पनि घेरामा परेको छ। त्यो दाखबारीमा पालेले डेरा वा काँक्राघारीमा एउटा छाप्रोझैं असुरक्षित छ। ९ सर्वशक्तिमान्

परमप्रभुले केही मानिसहरूलाई बचाएर नराख्नुभएको भए सदोम र गमोराजस्तै
यरूशलेम पनि पूरा नाश भएर जानेथियो। १० हे यरूशलेम, तेरा शासकवर्ग र
मानिसहरू सदोम र गमोराका जस्तै छन्। परमप्रभुले तँलाई के भन्दै हुनुहुन्छ,
त्यो सुन्! हाम्रा परमेश्वरले तँलाई के सिकाउँदै हुनुहुन्छ, त्यसमा ध्यान दे।
११ उहाँ भन्नुहुन्छ, "के तिमीले चढाइरहेका थुप्रै बलिदानहरू म चाहन्छु भनी
तिमीहरू सोच्दैछौ? मलाई त तिमीहरूले होमबलि चढाएका भेडाहरू र मोटा
पशुका बोसोले नाक लागिसक्यो। साँढेहरू, भेडाहरू र बोकाहरूका रगतले
मलाई वाक्क लागिसक्यो। १२ मलाई पुज्न आउँदा यी सबै कुरा ल्याउनुपर्छ
भनी कसले तिमीहरूलाई भन्यो? कसले मेरो मन्दिरमा तिमीहरूलाई खुट्टाले
कुल्ची-मिल्ची गर्न लगायो? १३ तिमीहरूका भेटीहरू ल्याउनु व्यर्थ छ।
तिमीहरूले बालेका धूपसित म विरक्त भइसकें। तिमीहरूका औंसीका चाड,
विश्रामको दिन पालन र धार्मिक सभाहरू मैले सहन नसक्ने भएका छन्।
तिमीहरूका पापले गर्दा ती भ्रष्ट भएका छन्। १४ म तिम्रा औंसी र अरू पवित्र
चाडका दिनहरूलाई घृणा गर्दछु। ती मैले बोक्न नसक्ने भार भएका छन्। १५
"तिमीहरूले प्रार्थनामा हात उचाल्दा म आफ्नो मुख अर्कोतिर फर्काउनेछु।
तिमीहरूले जति धेरै प्रार्थना गरे पनि म ती सुन्नेछैनँ किनभने तिमीहरूका हातमा
हत्या गरेका रगत लागेको छ। १६ आफैंलाई धोएर चोखो पार। जुन दुष्कर्म
तिमीहरूले गरेको म देख्दछु, ती बन्द गर। हो, दुष्कर्म छोड १७ र ठीक
काम गर्न सिक। सबैको निसाफ गर, अत्याचारमा परेकाहरूलाई सहायता गर,
टुहुरा-टुहुरीहरूको हकको खोजी गरिदेऊ, रक्षा गरिदेऊ र विधवाको पक्षमा
बोल।" १८ परमप्रभु भन्नुहुन्छ, "आओ, हामी सबै कुरा छलफल गरौं।
पापले तिमीहरूमा रातो दाग लागे तापनि म तिमीहरूलाई धोई हिउँजस्तै सेतो
पार्नेछु। तिमीहरूका पापको दाग गाढा रातो रङ्गको भए तापनि तिमीहरू
ऊनजस्तै सेता हुनेछौ। १९ तिमीहरू मेरा आज्ञापालन गर्न इच्छुक भयौ भने
तिमीहरूले देशका असल-असल उब्जाउहरू खान पाउनेछौ। २० तर तिमीहरूले
अटेरी र मेरो विरोध गर्‍यौ भने त तिमीहरू तरवारले मारिनेछौ। म परमप्रभु यो
कुरा भन्दछु।" २१ एक समयको विश्वासयोग्य सहर अब वेश्याजस्तै भएको
छ! एक समय त्यो सहर धार्मिक मानिसहरूले भरिभराउ थियो तर अब त त्यहाँ
हत्याराहरू मात्र छन्। २२ हे यरूशलेम, एक समय तँ चाँदीजस्तो थिइस् तर
अब बेकामको भइस्, तँ असल दाखमद्यझैं थिइस् तर अब त साधारण पानी
मात्र भएको छस्। २३ तेरा अगुवाहरू विद्रोही र चोरका साथीहरू भएका छन्।

तिनीहलेरू सदा कोसेली र घुस खोजिरहन्छन्। अदालतमा तिनीहरूले कहिल्यै टुहुरा-टुहुरीको न्यायको रक्षा गर्दैनन् र विधवाहरूका उजुर सुन्दैनन्।" (यशैया १:१-२३) ", "१३ परमप्रभुले न्यायलयमा न्याय आसन ग्रहण गर्नुहुन्छ, आफ्ना प्रजाको पक्षमा न्याय गर्न उहाँ तयार हुनुहुन्छ। १४ परमप्रभुले आफ्ना प्रजाका प्रधानहरू र अगुवाहरूको न्याय गर्नुहुनेछ। उहाँले तिनीहरूमाथि यस्तो दोष लगाउनुहुन्छः "तिमीहरूले दाखबारी लुटेका छौ। गरीबहरूबाट लुटेका मालले तिमीहरूका घर भरिएका छन्। १५ मेरा प्रजालाई दबाएर चुर पार्ने र गरीबहरूबाट अनुचित लाभ उठाउने तिमीहरूलाई हक छैन। म सार्वभौम र सर्वशक्तिमान् परमप्रभु भन्दछु।१६ परमप्रभुले भन्नुभयो, "हेर, यरूशलेमका स्त्रीहरू कति घमण्डी छन्। तिनीहरू नाक ठाडो पारेर हिँड्छन्। तिनीहरू आँखा नचाउँदै पात्तिएर छोटो कदममा कल्ली छम्छम् पार्दै हिड्छन्।" (यशैया ३:१३-१६) र "७ इस्राएल सर्वशक्तिमान् परमप्रभुको दाखबारी हो। यहूदाका बासिन्दाहरू उहाँले रोप्नुभएको दाखका बोट हुन्। तिनीहरूले भलाइका काम गर्नेछन् भनी उहाँले आशा गर्नुभएको थियो। तर त्यसका सट्टामा तिनीहरूले हत्या गरे। तिनीहरूले न्याय गर्छन् भन्ने उहाँको आशा थियो तर तिनीहरूका अन्यायमा परेकाहरूले न्यायको निम्ति रोइ-कराइ गरे। ८ तिमीहरूको विनाश हुनेछ! तिमीहरूले किन्दै घरमाथि घर र खेतमाथि खेत थप्दै छौ। चाँडै अब अरूले बस्ने ठाउँ पाउनेछैनन् र देशमा तिमीहरू मात्र बास गर्नेछौ। ९ सर्वशक्तिमान् परमप्रभुले यसो भन्नुभएको मैले सुनेको छु, "यी ठूला राम्रा घरहरू सबै ध्वंस भई निर्जन हुनेछन्। १० दश हेक्टर जमिनमा लगाएको दाखलताले आठ लिटर मात्र दाखमद्य दिनेछ र दश पाथी बिउले एक पाथी मात्र अन्न उब्जाउनेछ।" ११ तिमीहरूको विनाश अवश्य नै हुनेछ! तिमीहरू रक्सी पिउन बिहानै उठ्दछौ र बेलुका धेरै बेरसम्म बसेर नमातुञ्जेल पिइरहन्छौ। १२ आफ्ना भोजमा तिमीहरू वीणा बजाएर खैंजडी र बाँसुरी बजाउँछौ र रक्सी पिउँछौ। तर तिमीहरू परमप्रभुका कामको वास्तै गर्दैनौ न त आदर गर्छौ। १३ तिमीहरूका मूर्खताका कारणले तिमीहरू कैदी बनाई लगिनेछौ। तिम्रा अगुवाहरू खान नपाई मर्नेछन् र जनसाधारण तिर्खाले मर्नेछन्। १४ मृत्यु-लोक तिनीहरूलाई खान ठूलो मुख गरी भोकले पर्खिरहेको छ। त्यसले यरूशलेमका घरानियाँहरू साथै जनसाधारणका होहल्ला गर्ने झुण्डलाई पनि निलिहाल्छ। १५ सबैको बदनाम हुनेछ र सबै घमण्डीहरू होच्याइनेछन्। १६ तर सर्वशक्तिमान् परमप्रभुले ठीक काम गर्नुभएर आफ्नो महान्ता देखाउनुहुन्छ अनि आफ्नो

**प्रजाको न्याय गर्नुभएर आफ्नो पवित्रता देखाउनुहुन्छ। १७ सहरहरू नाश
भएका ठाउँमा थुमाहरूले घाँस खानेछन् र बाख्राका पाठाहरू चर्नेछन्। १८
तिमीहरूको विनाश हुनेछ। तिमीहरू आफ्ना पापहरूका बन्धनबाट मुक्त हुन
सक्नेछैनौ। १९ तिमीहरू भन्दछौ, "परमप्रभुले चाँडो गरून् र उहाँले गर्छु
भन्नुभएको काम छिट्टै गरिहालून् र हामी त्यो काम देख्न सकौं। इस्राएलका
पवित्र परमेश्वरले आफ्नो इच्छा पूरा गरून् र उहाँको मनको इच्छा हामी
हेरौं।" २० तिमीहरूको विनाश हुनेछ! तिमीहरू राम्रा कुरालाई नराम्रा र नराम्रा
कुरालाई राम्रा भन्छौ। अँध्यारोलाई उज्यालो र उज्यालोलाई अँध्यारो बनाउँछौ।
मीठोलाई तीतो र तीतोलाई मीठो गराउँछौ। २१ तिमीहरूको विनाश हुनेछ!
तिमीहरू आफैंलाई बुद्धिमान् ठान्दछौ, खुब चतुर सम्झन्छौ। २२ तिमीहरूको
विनाश हुनेछ! ए रक्सी पिउन वीरहरू हो! कडा रक्सी मिलाउनचाहिँ तिमीहरू
साहसी र निडर छौ। २३ घुस खाएर तिमीहरू अपराधीलाई छोडिदिन्छौ र
निर्दोषलाई ठीक न्याय गरिदिँदैनौ। २४ त अब जसरी पराल र सुकेका पात
चाउरिएर आगोमा डढिजाँदछन्, त्यसरी नै तिमीहरूका जरा सडेर जानेछन् र
फूल सुकेर उडिजानेछन् किनभने तिमीहरूले सर्वशक्तिमान् परमप्रभु इस्राएलका
पवित्र परमेश्वरले दिनुभएको शिक्षा अस्वीकार गरेका छौ। २५ परमप्रभु आफ्ना
प्रजासित रिसाउनुभएको छ र तिनीहरूलाई सजायँ दिन उहाँले आफ्नो हात
उठाउनुभएको छ। पर्वतहरू थरथरी काम्नेछन् र मर्नेहरूका लाश कसिङ्गरझैं
बाटामा फ्याँकिनेछन्। तर त्यति भएर पनि परमप्रभुको क्रोध मर्नेछैन र
तिनीहरूलाई सजायँ दिन उहाँको हात उठाएकै हुनेछ।" (यशैया ५:७-२५)।**

परमेश्वरका जनहरू भनेर दावी गर्ने तर तिनीहरूको गिर्दो समाजप्रति लक्षित गरेर यशैयाले दिएका प्रवचनहरू प्रथम् पाँच अध्यायमा छन्। उनको सम्बोधनमा तिनीहरूको बानिव्यहोराप्रति कडा आपत्ति र आलोचना व्यक्त गरेका थिए। परमेश्वरबाट तिनीहरूले तिनीहरूको पिठ्युँ फर्काइरहेकोले र निरन्तररूपमा गलत काम तथा दुष्ट मार्गलाई पकडिरहेको कारणले तिनीहरू परमेश्वरको न्यायबाट भाग्न नसकिने कडा चेतावनी येशैयाले सुनाएका थिए। तर उहाँका जनहरू पश्चाताप गरेर उहाँतिर फर्किए, तिनीहरूको जीवनशैली र समाजलाई सुधार गरे तिनीहरूको दिन असल हुनेछ भन्ने आशा पनि अगमवक्ताले दिएका थिए। तर इस्राएलीहरूको नराम्रो आचरणप्रति अत्यन्तै भावविभोर भएर व्यक्त गरेका उनका अफसोचहरूका विषयमा सबैले सोच्नुपर्दछ। परमेश्वरको को हुनुहुन्छ भन्ने उनको बुझाइ अनुसार र आफ्ना

जनहरूप्रति बन्न पुगेको उहाँको चाहना के थियो सो थाहा पाएको कारणले अट्टेरी इस्राएलीहरू नाश हुनु परेको देख्दा उनको शोक अत्यन्तै गहिरो थियो। विर्सिएका असंख्य मानिसहरूको दुर्दशा र परमेश्‍वरले गर्ने राष्ट्रप्रति न्यायको ज्ञान थाहा पाएर अगमवक्ता धेरै दुःखी भएका थिए।

यस्तो खालको सन्देशको ढाँचा यशैयाले भविष्यवाणी बोल्ने आफ्नो सेवाकार्यमा निरन्तरता दिएका थिए। परमेश्‍वरले उहाँका जनहरूलाई के गर्नुभयो सो सम्झिऊन् भनेर उनले आह्वान गरेका थिए। भविष्यमा परमेश्‍वरले तिनीहरूको निम्ति के गर्न चाहनुभएको थियो त्यसको आशा पनि उनले प्रस्तुत गरेका थिए। त्यसकारण तिनीहरूलाई अहिले नै परमेश्‍वरतर्फ लाग्न र उहाँसँगको सम्बन्ध पुनस्थापना गर्न उनले आह्वान गरेका थिए। यदि तिनीहरू परमेश्‍वरसँग मिल्न चाहन्छ भने वर्तमान समयमा तिनीहरूले गरेका गलत कामहरूबाट तिनीहरूले पश्‍चाताप गर्नुपर्ने र अरूप्रति दुर्व्यवहार गर्ने आचरणलाई त्याग्नुपर्ने शर्त उनले मानिसहरूको सामु राखेका थिए।

परमेश्‍वरका जन भनाउँदाहरूले गरिरहेका अन्याय अत्याचारलाई यशैया ५८ र ५९मा विशेष गरेर सम्बोधन गरेको पाइन्छ। तिनीहरूको समाज कस्तो खालको थियो भनेर यशैयाले यसरी चित्रण गर्दछन् “न्यायलाई पछाडि धकेली दिएका छन्, धर्मी अर्थात उचित काम गर्नेहरूलाई परै राखेका छन्, सत्यलाई बाटोमै फँकिदिएका छन्, बेइमानीहरूको रजाईंले इमान्दारिताको ठाउँ छैन" (यशैया ५९:२० रूपान्तरित)।

यशैयाको पुस्तकभरि यशैयाले अत्यन्तै महत्त्वपूर्ण सन्देशप्रति सबैको ध्यान आकर्षण गरेका थिए। त्यो थियो आउनेवाला उद्धारकर्ता मसीह, जसले अन्तमा यस संसारमा परमेश्‍वरको शासन चलाउनुहुनेछ। आफ्नो साथमा उहाँले न्याय, दया, सुस्वस्थ्य र पुनर्स्थापना ल्याउनुहुनेछ।

**देहायका भविष्यवाणीका पदहरूले येशूको जीवन, सेवाकार्य र मृत्युलाई कसरी औंल्याउँछन्? यशैयाले गरेका भविष्यवाणी अनुसार यस संसारमा येशू आउनुभएको औचित्यलाई कसरी बुझाउँछन्? हेर्नुहोस् “२ अन्धकारमा हिँडदुल गर्ने मानिसहरूले एउटा ठूलो ज्योति देखेका छन्। तिनीहरू अन्धकारको देशमा बास गर्थे तर अब तिनीहरूमाथि ज्योति चम्केको छ। ३ हे परमप्रभु, तपाईंले तिनीहरूलाई ठूलो आनन्द दिनुभएको छ। तपाईंले तिनीहरूलाई प्रसन्न गराउनुभएको छ। मानिसहरू अन्न बटुल्दा वा लुटका धन बाँड्दा जसरी रमाउँछन्, त्यसरी नै तपाईंले गर्नुभएको काममा तिनीहरू रमाउँछन् ४ किनभने**

तपाईंले तिनीहरूका काँधमा परेको बोझको जूवा र आङमा पर्ने लौरो भाँचिदिनुभएको छ। धेरै दिनअघि मिद्यानका सेनालाई हराउनुभएझैं तपाईंले आफ्नो प्रजालाई अत्याचार र थिचोमिचो गर्ने राष्ट्रलाई हराउनुभएको छ। ५ आक्रमण गर्ने सेनाले लाएका जुत्ता र रगत लागेका वस्त्र आगोमा भस्म हुनेछन्। ६ *हाम्रा निम्ति एउटा बालक जन्मेका छन्! हामीलाई एउटा पुत्र दिइएको छ! उनले हामीमाथि राज्य गर्नेछन्। उनको नाम "उदेकका सल्लाहकार", "पराक्रमी परमेश्वर", "सनातनका पिता", "शान्तिका राजकुमार" हुनेछ। ७ उनको राज्य-शक्ति बढिरहनेछ, उनको राज्यमा सधैं शान्ति रहनेछ। दाऊद राजापछि आउने राजा उनी नै हुनेछन्। न्याय र धर्ममा खडा भई अबदेखि उसो सदाका निम्ति उनले राज्य गर्नेछन्। सर्वशक्तिमान् परमप्रभुले आफ्नो जोशमा यी सबै गर्नुहुनेछ।*" (यशैया ९:२-७), “१ दाऊदको राजवंश काटिढालेको रूखझैं छ तर ठुटोबाट नयाँ हाँगा उम्रेझैं दाऊदको सन्तानबाट एउटा नयाँ राजा उठ्नेछन्। २ परमप्रभुको आत्माले उनलाई बुद्धि, ज्ञान र प्रजालाई शासन गर्न सीप दिनुहुनेछ। उनले परमप्रभुको इच्छा बुझ्नेछन्, उहाँलाई आदर गर्नेछन् ३ र उहाँका आज्ञापालनमा आनन्दित मान्नेछन्। उनले मुख हेरेर वा अरूका कुरा सुनेर इन्साफ गर्नेछैनन्। ४ गरीबको इन्साफ ठीकसित गर्नेछन् र असहायहरूको रक्षा गर्नेछन्। उनको आज्ञाले अपराधी मानिसहरूले दण्ड पाउनेछन् र दुष्टहरू मारिनेछन्। ५ न्याय र इमानदारीसाथ उनले आफ्ना प्रजामाथि शासन गर्नेछन्।" (यशैया ११:१-५), “१ परमप्रभु भन्नुहुन्छ, "यो मेरो सेवक हो, जसलाई म बल दिँदछु,जसलाई मैले छानेको छु, जोसित म खुसी छु। मैले त्यसलाई मेरो आत्माले भरेको छु र त्यसले प्रत्येक जातिमा न्याय ल्याउनेछ। २ त्यो चिच्च्याउनेछैन वा सोर उचाल्नेछैन, बाटो-बाटोमा जोडले बोली सुनाउनेछैन। ३ त्यसले नुहेको निगालोलाई भाँच्नेछैन, निभ्न लागेको दियोलाई निभाउनेछैन, त्यसले सबैसित अटल न्याय गरिदिनेछ। ४ त्यसले आफ्नो आशा र साहस हराउनेछैन, त्यसले पृथ्वीमा न्याय स्थिर गर्नेछ, टाढा-टाढाका देशहरूले उत्सुक भई त्यसका व्यवस्थामा आशा राख्नेछन्।" ५ परमेश्वरले आकाश बनाएर टाँग्नुभयो। उहाँले पृथ्वी र त्यसका सारा प्राणी सृजना गर्नुभयो। पृथ्वीका सबै मानिसहरूमा सास र जीवन हालिदिनुभयो। अब परमप्रभु परमेश्वर आफ्नो सेवकलाई भन्नुहुन्छ, ६ "पृथ्वीमा न्याय होस् भनी म, परमप्रभुले मेरो धार्मिकताअनुसार तिमीलाई बोलाएको छु र तिमीलाई सम्हाल्नेछु। तिमीद्वारा म जाति-जातिसित एउटा करार

बाँध्नेछु, तिमीद्वारा म जाति-जातिमा ज्योति दिनेछु। ७ तिमीले अन्धाका आँखा खोलिदिनेछौ, अँध्यारो झ्यालखानमा बसेकाहरूलाई त्यहाँबाट छुटाउनेछौ। ८ "म मात्र तिम्रा परमप्रभु परमेश्वर हुँ, म आफ्नो महिमा अरू कुनै देवी-देवतालाई दिनेछैनँ। म आफ्नो प्रशंसा कुनै मूर्तिलाई दिनेछैनँ। ९ मैले उहिले भनेका कुराहरू अहिले पूरा भए। अब म तिमीहरूलाई नयाँ कुराहरू ती हुनुभन्दा अघि नै भन्नेछु।" (यशैया ४२:१-९) र "१ अब जे हामी बयान दिन्छौं, त्यो कसले विश्वास गर्छ र? यस कुरामा परमप्रभुको हात छ भनी कसले देख्ला र? २ उहाँको अघि सुख्खा जमिनमा एउटा बिरूवाले, जरा हालेझैं ऊ बढ्यो। उसमा केही मान-मर्यादा वा सुन्दरता थिएन, उसमाथि हाम्रो आँखा परेन पनि। उसको बारेमा कुनै आकर्षित कुरा थिएन, उसका कुनै कुराले हाम्रो मन खिच्न सकेन। ३ हामीले उसलाई तुच्छ ठान्यौं र अस्वीकार गर्‍यौं, उसले दुःख र कष्ट सह्योकसैले पनि ऊतिर हेरेन, हामीले उसलाई केही नठानी ध्यानै दिएनौं। ४ "निश्चय नै उसले हाम्रा कष्टहरू सह्यो, हाम्रो दुःख भोग्यो।

तर उसले दुःख-कष्ट भोगेको त उसमाथि परमेश्वरको दण्ड परेको हो भनी हामीले ठान्यौं। ५ तर हाम्रा पापका कारणले ऊ घाइते भयो, हाम्रा अधर्मका कारणले उसले चुटाइ खायो। उसले दण्ड भोगेको कारणले हामीले सुख-शान्ति पायौं, उसको कोर्राको चोटले हामी निको भयौं। ६ हामी सबै बाटो बिराएका भेडाहरूझैं थियौं, हामी बरालिएर आफ्नै सुरमा हिँड्थ्यौं, तर हामी सबैमाथि पर्नुपर्ने दण्ड परमप्रभुले उसमाथि पारिदिनुभयो। ७ "ऊसित रूखो व्यवहार गरियो तर त्यो उसले नम्र भएर सह्यो, उसले मुखबाट एउटा शब्द पनि निकालेन। काटिन आँटिको थुमाझैं, ऊन कत्रन लागेका भेडाझैं उसले आफ्नो मुख खोलेन। ८ उसमाथि अत्याचार भयो र दण्ड दिई मार्न लगियो र उसका सन्तानबारे कसले बोल्ला र? कारण उसलाई जीवितहरूको देशबाट हटाइयो, मेरा मानिसहरूका पापको लागि उसमाथि कुटाइ पर्‍यो ९ दुष्टहरूसित ऊ चिहानमा राखियो, धनीहरूसित गाडियो, तथापि उसले कहिल्यै कुनै अपराध गरेको थिएन, कहिले झूट बोलेको थिएन। १० तरै पनि उसलाई चोट दिनु र कष्ट सहन लाउनु परमप्रभुको इच्छा थियो। परमप्रभुले उसको जीवनलाई पाप काट्ने बलिदान बनाउनुभएको भए पनि उसले आफ्ना सन्तान देख्नेछ र परमेश्वरको योजना ऊद्वारा सफल हुनेछ। ११ कष्टको जीवन भोगेपछि उसले जीवनको ज्योति देख्नेछ र सन्तुष्ट हुनेछ। आफ्नो ज्ञानद्वारा मेरो धर्मी सेवकले धेरैको पापको दण्ड बोक्नेछ र उसले तिनीहरूलाई क्षमा गर्नेछ। १२ यसैकारण

**म उसलाई एउटा इज्जतको स्थान दिनेछु र सामर्थीहरूसँग उसले जितेको माल बन्डा लाउनेछ। उसले राजी-खुसीका साथ आफ्नै प्राण दियो र दुष्टहरूका साथमा गनियो। उसले धेरै पापीहरूको सट्टामा आफ्नो प्राण दियो र तिनीहरूले क्षमा पाऊन् भनी बिन्ती गऱ्यो।" (यशैया ५३)।**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित** प्रोफेटस एण्ड किङ्गसको पृ. २७९-२९२को "द असेरियन क्याप्टिभिटी" र पृ. ३०३-३१०को "द कल अभ यशैया" पढ्नुहोस्।

"शोषण र थिचोमिचो गर्ने, घोर अन्याय अत्याचारले ग्रसित, अनियन्त्रित रूपमा अमितव्ययी खर्च गरेर मनोरञ्जन र मोजमज्ना गर्ने, लज्जास्पद भोजभत्तेर र जाँडरक्सीले मात्ने चलनलाई अपनाएर अत्यन्तै घिनलाग्दो व्यवहार र चरित्रहीन बिलासितामा मोहित भएर चल्ने भनेर चिनिने समाजको विरुद्धमा परमेश्वरका अगमवक्ताहरूले चर्को आवाज उठाएका थिए। तर तिनीहरूको विरोधका आवाजहरू इस्राएलीहरूको सामु व्यर्थ भए, तिनीहरूले गरिरहेका पापको निन्दा व्यर्थ भएको थियो।"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किङ्गस,* पृ. २८२ बाट रूपान्तरित।

यशैयाको निम्ति "इस्राएलमा जे भइरहेको थियो त्यो अत्यन्तै निराशजनक भएको थियो। मानिसहरूको सामाजिक अवस्था नाजुक थियो। धनी हुने प्रतिस्पर्धामा लाग्दा मानिसहरूले जग्गापछि जग्गा किन्ने एक घरपछि अर्को घर किनेर आफ्नो धनको रवाफ देखाउने प्रवृत्तिको रडाको चलेको थियो। अन्यायको विकृति व्यापकरूपमा चलेको थियो, कमजोर र दरिद्रप्रति दया र सहानुभूति देखाउने चलन हराइसकेको थियो। असहायलाई सुरक्षा दिने निकायका हाकिम तथा पदाधिकारीहरूले गरिब, निर्धन, अनाथ र विधवीहरूको आवाजलाई वेवास्ता गरेका थिए। यहूदियाका राजा उज्जियाको शासनकालमा परमेश्वरले यशैयालाई चेतावनी र भ्रष्ट समाजको आलोचना गर्न बोलाउनुभएको थियो। तर पतित समाजको विरोध गर्ने जिम्मेवारीबाट ती अगमवक्ता पन्छिन चाहेका थिए। उनको आवाजको प्रतिरोधमा परमेश्वरकै जनहरू भनेर चिनिने तर त्यो हठी समाज उत्रिनेछ भनेर उनलाई थाहा थियो।"-पृ. ३०६,३०७बाट रूपान्तरित।

"अगमवक्ताहरूको सरल आवाजहरू इस्राएलका विगत युगका मानिसहरूको निम्तिमात्र नभएर परमेश्वरका जनहरू हौं भनेर दावी गर्ने वर्तमान

युगमा रहेका हामीले पनि आत्मसात् गर्नु जरुरी छ। अनुग्रह तथा दयाका कामहरू गर्ने अवसरबाट हामी कहिल्यै पनि वंचित हुनुहुन्दैन। पिछडिएका, दविएका, समाजमा हेपिएका, असहाय र बोझले लादिएका वर्गप्रति इसाई सरोकार तथा शिष्टाचार र कोमल सोच देखाउनै पर्छ।" पृ. ३२७बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ) **भविष्यवाणी वा अगमवाणी बोल्ने प्रक्रिया प्रायजसो भविष्यको निम्ति बोलिने कुरा भनेरमात्र प्रायजसो हामी सोच्दछौं। तर पुरानो करारका अगमवक्ताहरूले तिनीहरूकै युगको अवस्थालाई चित्रण गरेर सम्बोधन गर्ने गरेको कुराले तिनीहरूको भूमिका कस्तो रहेछ भन्ने तपाईंको दृष्टिकोणमा कसरी परिवर्तन हुन जानुपर्छ?**

आ) **सत्यको निम्ति उभिन कस्तो कठिन, चुनौतिपूर्ण र जोखिमपूर्ण रहेछ भनेर अगमवक्ताका जीवन र सन्देशहरूले देखाउँदछ। यद्यपि, तिनीहरूले जे बोले र गरे ती किन गरे भन्ने कुरामा तपाईंले किन विश्वास गर्नुहुन्छ?**

इ) **जब परमेश्वरले अगमवक्ताहरूद्वारा बोल्नुभयो उहाँले पतित जनहरूप्रति क्रोध पनि देखाउनुभएको थियो र तिनीहरूको उत्थानको निम्ति गहिरो चासो पनि देखाउनुभएको थियो। परमेश्वरका यी दुई स्वभावहरूमध्ये पक्षमा तपाईं कुन पक्षमा हुनुहुन्छ?**

**सारांश:** परमेश्वरकै जनहरू भनेर चिनिने मानिसहरूको असत्य, वैगुणी तथा अधर्मी व्यवहारप्रति चर्को आवाज उठाउन पुरानो करारका अगमवक्ताहरू प्रयत्नशील थिए। मानिसहरू परमेश्वरको बाटो र इच्छामा चलून् भन्ने तिनीहरूको तिब्र चाहना थियो र कतिपयसमयमा हठी समाजप्रति तिनीहरू क्रोधित पनि भएका थिए। तिनीहरूले परमेश्वरको स्वभावलाई प्रतिबिम्ब गर्ने क्रममा मानिसहरूले गर्ने गरिब र शोषित वर्गमाथिको अन्याय र अत्याचारप्रति गहिरो चासो देखाएका थिए। अन्याय गर्नुबाट फर्किऊन् भन्ने परमेश्वरको चाहना हो भनेर तिनीहरूले बुलन्द आवाज उठाएका थिए। यदि तिनीहरू न्यायोचित बाटोमा हिंडे तिनीहरूको भविष्य उज्ज्वल पार्ने परमेश्वरको संकल्प छ भनेर पनि ती अगमवक्ताहरूले औंल्याएका थिए।

## कथा ५
## आफ्नो कर्मचारीबाट प्रेरणा पाएको
## जिओफ्रि शमूयल, ५१, सोलोमन टापुहरू

जियोफ शमूएल सोलोमन टापुहरूको घर निर्माण कम्पनीको मुख्य हाकिम थिए। जब आफ्नो कर्मचारीले एक वर्षभित्र आफ्नो मोटोपना ४० किलोग्रामले घटाए रे भन्ने कुरा आफ्नै आँखाले देखेपनि तिनले विश्वास गरेनन्। आफ्नो ठूलो भुँडी हेरेर "के मपनि घटाउन सक्छु र?" भनेर सोच्न थाले।

जियोफको वजन २९० पाउण्ड अर्थात् १३० किलो थियो। दस वर्षदेखि उच्च रक्तचापले उनलाई दुःख दिएको थियो। आफू नाश हुनेबाटोतिर ढल्किन्दैछु भन्ने कुरा उनले महसुस गर्न थालेका थिए।

जियोफ एडभेन्टिस्ट घरमा हुर्केका थिए र चर्चले संचालन गर्ने स्कूलहरूमा उनी पढेका थिए। एडभेन्टिस्ट स्वास्थ शिक्षाको बारेमा उनलाई राम्रै जानकारी थियो। तर आफ्नो शरीर उनले थाहा पाएको ज्ञानभन्दा ठिक उल्टो दिशामा जाँदै थियो। एडभेन्टिस्टहरू समेत गरेर सोलोमोन टापुहरूका मानिसहरूले जस्तै बेलुका टन्न खाने बानी उनको पनि थियो।

"यस खानालाई आशिष दिनुभएकोमा हे परमेश्वर तपाईंलाई धन्यवाद छ" भनेर खानुभन्दा अघि उनले प्रार्थना गर्थे। तर "मलाई भोक र स्वादलाई नियन्त्रण गर्न बल दिनुहोस्" भनि उनले कहिल्यै पनि प्रार्थना गरेनन्।

सन २०१७को सुरूमा एक दिन जियोफ हेरिककहाँ गए। हेरिक उनको निम्ति भवनको नक्सा बनाउने काम गर्दथे। "तिमी कस्तो मोटो थियौ, अहिले तिमी कस्तो पातलो देखिन्छ। तिम्रो मोटोपना घटाउन तिमीले के गर्‍यौं?" उनले सोधे।

आफूले एलेन जी ह्वाइटको "काउन्सिल अन डायट एण्ड फुडस्"मा लेखिएको खाना र ब्यायामको सल्लाहबाट प्रेरित भएर त्यसै अनुसार चलेकोले आफू स्वस्थ भएको उनले सुनाए। "तपाईंलाई पनि तपाईंको मोटोपन घटाउन सिकाउन सक्छु" उनले भने। जियोफले "हुन्छ, कहिलेदेखि सुरू गर्ने?" भनेर सहमति जनाए। "यदि तपाईं चाहनुहुन्छ भने आजैदेखि सुरू गर्न सक्छौं" भनेर हेरिकले भने।

अनि तुरन्तै हाकिम र कर्मचारी आफ्नो कार्यालयबाट बाहिर निस्केर ४५ मिनेटको सरल ब्यायाम गर्न थाले। तिनीहरू समुद्रको किनारामा, रुख

मुनि वा अरू ब्यायाम गर्न थाले। सुरूमा जियोफलाई धेरै गाऱ्हो भएको थियो। उनले बीस बीस सेकेन्ड गरि विभिन्न व्यायामहरू गर्न थाले ।

"जब मैले व्यायाम गर्न थालें मलाई २० सेकेन्ड पनि व्यायमा गर्न गाऱ्हो भएको थियो। पाँच सेकेन्डसम्म गर्दा त मलाई खुशी नै लागेको थियो। तर पछि दिन दिनै अलि अलि बढाएर व्यायाम गर्न थालें" हँसिलो भएर जिओफले सुनाए। जब जिओफको तौल घट्यो तब अरू मानिसहरू पनि उनीसँग व्यायाम गर्न सरिक भए। हेरिकले स्वस्थ रहन चाहने समूहको नेतृत्व गरि रहे र जिओफचाहीँ उनको सयोंजक भएर सघाउन थाले। आज एडभेन्टिस्ट अडिटोरियम वा सभा घरमा विभिन्न धर्मका २०० जना मानिसहरू हप्ताको चारदिन व्यायाम गर्न त्यहाँ भेला हुन्छन्। प्रत्येक कार्यक्रम प्रार्थनाद्वारा सुरू हुन्छ र प्रार्थनाद्वारै अन्त हुन्छ। हप्ताको एक दिन व्यक्तिगत गवाहीको निम्ति अलगै समय छुट्याइएको हुन्छ र हेरिक र जिओफले स्वस्थ खानाको बारेमा सिकाउँछन्। त्यो शिक्षा एलेन जी ह्वाइटबाट नै सिधै आएको हुन्छ। "यदि आज तपाईंहरूले जे गर्नुभयो तपाईंहरूलाई राम्रो लागिरहेको छ भने तपाईंहरूको परिवर्तन तपाईंहरूको अध्यात्मिक जीवनमा पनि किन लागु नगर्ने?" भनेर हेरिकले मानिसहरूलाई सोध्छन्। "तपाईंले हरेक बिहान प्रार्थना गर्नुभयो भने तपाईंले झन कस्तो राम्रो हुनुभएको अनुभव गर्नुहुने थियो होला? सोच्नुहोस्!" जिओफ थप्दछन्।

जब सभा घरमा सबै जना भेलाभएर व्यायाम गर्दछन् तब त्यहाँ सबै जना "हेम वाका!" अर्थात् यसले काम गर्छ भनेर चिच्याएको सुनिन्छ। तिनीहरूको शरीर ठिक आकारमा आएकोमा तिनीहरू खुशी हुन्छन्। हेरिक र जिओफ चिकित्सकहरू होइन् तर मानिसहरूले परमेश्वरको चाहना अनुसार शरीरलाई स्याहार गरे भने उहाँले तिनीहरूलाई सहयोग गर्नुहुन्छ भनेर हेरिक र जिओफले अनुभव गरेका थिए।

जिओफलाई उनको ठिक तौलमा पुग्नु जरुरी नै छ तर उनको तौल ३५ किलोग्राम मात्र घटेको छ। त्यसको निम्ति उनलाई १८ महिना लाग्यो। उनले असाध्यै हलुको भएको महसुस गरिरहेका छन्। "म दगुर्न सक्छु, माथि चढ्न सक्छु र उफ्रिन पनि सक्छु! यदि म गर्नसक्छु भने अरूले पनि गर्न सक्छ" अत्यन्तै खुशी भएर जिओफले यी लेखकलाई बताउँछन्। सोलोमन टापुहरूको देशका मानिसहरूमा मधुमेहको साथै मोटोपना पनि एक मूख्य समस्या भएको छ।

*-आन्द्रु मेकचेस्नी*